दोस्रो अध्याय

२. नेपाली साहित्यमा प्रकृति चिन्तन परम्परा

२.१ नेपाली ऋतु काव्यको परम्परा

सुवानन्ददासको 'पृथ्वीनारायण' कविताबाट नेपाली कविताको परम्परा आरम्भ भएको मानिन्छ। कमल दीक्षितले सन् १९५५-मा 'इतिहास प्रकाश'-को पहिलो अङ्क प्रकाशित भएको कुरा आफ्नो पुस्तक 'बुइँगल'-मा उल्लेख गरेका छन्। उनको विचारअनुसार 'इतिहास प्रकाश'-मा सुवानन्ददास नामक कविको कविता छापिएको हो साथै यो कविता नै नेपाली साहित्यको पहिलो कविता हो। सुवानन्ददासद्वारा लिखित 'पृथ्वीनारायण' कविता पृथ्वीनारायण शाहको मृत्युभन्दा अघि नै लेखिएको कमल दीक्षितले अनुमान गरेका छन्। उनी भन्छन् 'पढ्दा खाँडो भने झैं लाग्ने वीररस प्रधान भएको यस रचनालाई लेखक थाहा भएको नेपाली कविताको पहिलो रूप मानी यहाँ पारिएको हो।'[1]

'बुइँगल'-को चौथो संस्करणको प्रकाशनपछि कमल दीक्षितद्वारा नै सम्पादित 'एउटा अर्को बुइँगल' सन् १९९६ मा प्रकाशित भएको देखिन्छ। यस पुस्तकमा उनले बालकृष्ण पोखरेलको 'नेपाली भाषाको सर्वप्राचीन कविता विष्णुदास आचार्यद्वारा रचित 'बडे राजा मलय बम्म' शीर्षक लेखको उल्लेख गरेका छन्। बालकृष्ण पोखरेलको उक्त लेखमा 'बडे राजा मलय बम्म' कविता छसय वर्षअघिको हो भनेर दर्साउन खोजिएको कुरा कमल दीक्षितले उल्लेख गरेका छन्।[2]

घनश्याम नेपाल आफ्नो पुस्तक 'नेपाली साहित्यको परिचयात्मक इतिहास'-मा लेख्छन्, "बालकृष्ण पोखरेलले गरिमा पूर्णाङ्क ८४ मा प्रकाशमा ल्याएको विष्णुदास आचार्यको 'बडे राजा मलय बम्म' कविता र पूर्णप्रकाश नेपाल 'यात्री'-ले प्रकाशमा ल्याएको रत्नाकर पण्डितको गीतका कृतित्व र रचनाकालका सम्बन्धमा उठेका प्रश्नको चित्त बुझ्दो समाधान नभएसम्म वीरगाथा कालका सबैभन्दा पुराना कवि उनी नै देखिन्छन्।"[3] यस दृष्टिकोणले सुवानन्ददासको 'पृथ्वीनारायण' नै नेपाली साहित्यको पहिलो कविता हो भन्ने प्रमाणित हुन्छ।

---

[1] कमल दीक्षित, सन् १९९३, बुइँगल, साझा प्रकाशान, काठमाडौँ, पृ ३१०

[2] कमल दीक्षित, सन् १९९६, एउटा अर्को बुइँगल, साझा प्रकाशन, काठमाडौँ, पृ २२३

[3] घनश्याम नेपाल, सन् २००९, नेपाली साहित्यको परिचयात्मक इतिहास, एकता बुक्स हाउस, सिलगढी, पृ १२८

सुवानन्ददास नेपाली साहित्यका पहिला कवि मानिए तापनि लोकमा कविताहरू मौखिक रूपमा प्रचलित रहेका थिए। ती लोक कविताहरूलाई आधुनिक कविताको आदिम रूप मान्न सकिन्छ। मोहनराज शर्मा लेख्छन्- "नेपालीमा झ्याउरे, रसिया, बालुन आदि धेरै अघिदेखि घन्किँदै आएका भए पनि लोक गीतलाई साहित्य भन्न सकिन्न, त्यसलाई कविताको पूर्वरूप मानेर त्यहाँदेखि साहित्यको विकास देखाउन मिल्दैन।" उनी अझै लेख्छन्- "कविताझैँ लोक गीत पनि सुखका झिल्का र दुखका थोपाले परिपूर्ण मानव अभिव्यक्ति भए पनि दुवैमा ठुलो र मौलिक अन्तर छ। अतः लोक गीत र कविता दुई बेग्लाबेग्लै विषय हुन्।"[4] यस कथनले लोक गीत र कविता अलग हुन् भन्ने सिद्ध गराउँछ। लोक गीत र कविता भिन्न भए तापनि लोकमा रहेको लालित्य वा कला नै कुनै पनि जातिको विकसित साहित्यको आदि बिन्दु हो भन्ने विचार पनि गलत हुँदैन। मानिसले आफ्नो विशिष्ट ज्ञान, कला, कौशल र संस्कार लोकबाट नै प्राप्त गरेको हुन्छ। त्यसैले लोकमा रहेका गीत, नाटक आदिलाई कुनै पनि जातिको साहित्यिक सम्पदा मान्न सकिन्छ।

नेपाली साहित्यमा ऋतु काव्यको सर्वाधिक महत्त्व छ, किनभने नेपाली जाति पहाडी क्षेत्रमा बस्ने मूलतः वन-जङ्गलको नजिक बस्न रुचाउने जाति हो। खेती-पाती, झार-जङ्गल, वन-पाखा र प्रकृतिको पूजा गर्दै अहिलेको अवस्थामा आइपुगेको नेपाली समाजले प्रकृति पूजा अझै पनि गर्न छोडेको छैन। प्रत्येक ऋतुहरूमा नेपाली समाजले आफ्नो परम्पराअनुरूप प्रकृतिको पूजा गर्ने गर्छ। तसर्थ यो नेपाली समाज वा लोक प्रकृतिको धेरै नजिक रहेको बुझिन्छ।

नेपाली कविहरूले प्रकृति वर्णन र ऋतु वर्णनका कविताहरू आरम्भदेखि आजसम्म पनि सिर्जना गरिरहेका छन्। नेपाली साहित्यमा ऋतु वर्णनका कविताहरू लेखिए तापनि ती सबै ऋतु काव्य हुन् के त? भन्ने प्रश्न देखिन्छ। अतः ऋतु काव्य के हो वा कस्ता काव्यलाई ऋतु काव्य भन्न सकिन्छ? भन्ने प्रश्नको समाधान गर्नु आवश्यक छ। साहित्यको आधुनिक अध्ययनमा केही गम्भीर रूपमा ऋतु काव्यलाई परिभाषित गरिन्छ। काव्यमा ऋतुहरूको वर्णनसँगै यसको सुरक्षा र प्रकृतिलाई केन्द्र गरेर सिर्जना गरिएको काव्य नै ऋतु काव्य हो। यस्ता काव्यलाई परिवेश काव्य पनि भन्न सकिन्छ।

समाज र साहित्य प्रकृतिमा निर्भर रहने विषय हो। ऋतु काव्यमा ऋतुहरूको वर्णन गरिन्छ र ती ऋतुहरूले जीवन र समाजका तथ्य सङ्केत गरेको हुन्छ। ऋतुहरूको वर्णन गरेर लेखिएका कवितामा

[4] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, सन् २००४, नेपाली साहित्यको संक्षिप्त इतिहास, साझा प्रकाशन, काठमाडौँ, पृ २२

प्रायः हर्ष, उत्साह, उमङ्ग, दुख, वेदना, रति आदि भावको अभिव्यक्ति भएको हुन्छ। नेपाली लोक साहित्यअन्तर्गत विभिन्न ऋतुका गीतहरू, कविता र ऋतुवर्णन वा बाह्रमासाहरू पाइन्छन् यद्यपि ऋतुवर्णनका कविताहरूमा ऋतु केवल शृङ्गारिक आलम्बन र उद्दीपनको विषयका रूपमा प्रस्तुत गरिएको पाइन्छ। यस्ता कविताहरू प्राथमिककालबाट लेखिन सुरु भएर शृङ्गारिककालदेखि विकसित भएका देखिन्छन्। बाह्रमासा र ऋतु वर्णनका कविताहरूलाई सामान्यतः ऋतु काव्य भन्न सकिन्छ। परिवेश काव्यले भने काव्यमा ऋतु अथवा प्रकृतिको वर्णनसँगै यसका विविध पक्ष, समस्या र तिनको समाधान आदि पनि अभिव्यक्त भएको हुनु पर्छ भन्ने मान्छ। अतः ऋतुहरूलाई विषय बनाएर लेखिएका काव्यमा प्रकृति र त्यसका विविध रूपबारे चर्चा र चिन्तन गर्दै प्रकृति चिन्तनका तथ्यहरू वर्णन गरिएको छ भने त्यसलाई परिवेश काव्य भन्न सकिन्छ। यसबाहेक ऋतुहरूको वर्णन नभई काव्यमा प्रकृतिको सङ्कट, प्रदूषण, जलवायु परिवर्तन, प्रकृति र मानवबिचको सम्बन्ध, पारिस्थितिकी आदि विषयहरू कलात्मक रूपमा अभिव्यक्त भएका छन् भने त्यसलाई पनि परिवेश काव्य भन्न सकिन्छ। लेखनाथ पौड्यालको 'तरुण तपसी' र मोहन कोइरालाको 'गरलपान' यसका सफल उदाहरण हुन्।

नेपाली सामालोचनामा ऋतु कवितालाई बाह्रमासे र ऋतु काव्य भनेर लेखिएको पाइन्छ। ऋतुहरूको वर्णन भएका कविताहरूको सङ्कलन नै 'ऋतु काव्य' हो भन्दा पनि कुनै अनुचित देखिँदैन यद्यपि ऋतुहरूको वर्णन हुँदाहुँदै त्यहाँ ऋतु केवल उद्दीपक र अन्य कुनै विषयको प्रतीकका रूपमा मात्र प्रस्तुत गरिएको छ भने त्यसलाई परिवेश काव्य भन्न सकिँदैन। परिवेश काव्य नितान्त प्रकृति केन्द्रित र पर्यावरण संरक्षणको विषय लिएर लेखिएको हुन्छ। यसमा पर्यावरण, पारिस्थितिकी, प्रदूषण, जलवायु परिवर्तन आदि विषयहरू मुख्य रहेका हुन्छन्। त्यसैले प्रकृतिको सङ्कटलाई काव्यात्मक रूपले व्यक्त गर्दै त्यसको निवारण र समाधान हेतु सिर्जना गरिएको काव्य नै मूलतः परिवेश काव्य हो भन्न सकिन्छ।

नेपाली लोक गीतमा प्रकृति, ऋतु आदि विषयहरूको वर्णन प्रशस्त भएको पाइन्छ। मौलिक गीत भए तापनि कतिपय गीतहरू लिपिबद्ध भइसकेका छन् यद्यपि लोक गीतहरूलाई नेपाली कविताको पूर्व रूप मान्न नसकिने समालोचकहरूको भनाइ छ। नेपाली साहित्यको स्तवनकाल (सन् १९४०-१८८२)-मा नै ऋतु काव्यहरू लेखिएको थाहा लाग्दछ। घनश्याम नेपाल लेख्छन्- "स्तवनकालमा नै विद्यापतिकृत श्रीरागबाह्रमासा (१८४८)-बाट थालिएको बाह्रमासा र ऋतुवर्णनमूलक कविताको परम्परालाई शृङ्गारकालमा लालबहादुर आउँमासी (बाह्रमासा-१८५५), भुवनप्रसाद ढुङ्ग्याल (उपवन-विनोद-

१८८३), मोतीराम भट्ट (बाह्रमासे, रम्भा-शुक सम्वाद, पीकदूत - १८८६), शिखरनाथ सुवेदी (शृङ्गारदर्पणभित्र ऋतुवर्णनका प्रसङ्ग १८९८) पहलमानसिंह स्वाँर (प्रेमरञ्जन शृङ्गार, पीकदूत-१९०२), मेघदूत अनूदित- १९०४-९८, दानराज लामिछाने (बाह्रमासा-१९०४), भैरवकुमारी राजभण्डारी (प्रेमप्रबन्ध-१९०६), कृष्णप्रसाद रेग्मी (ऋतुमाला, मनमञ्जरी, शृङ्गारमाला १९१६), तीर्थराज पाण्डे (उपदेश मञ्जरी- १९१६, माधवानलकामकन्दला), केदरनाथ खतिवडा (शृङ्गारदर्पणमा सङ्कलित), टीकाराम शर्मा (ऋतुमञ्जरी), देवीदत्त पराजुली आदिबाट विशेष मलजल र स्याहार-सुसार प्राप्त भयो। यिनका अतिरिक्त लहरीकाव्यहरूमा पनि ऋतुवर्णनका प्रसङ्गहरू प्रशस्तै पाइन्छन्।"[5]

नेपाली साहित्यको स्तवनकालदेखि नै ऋतु काव्यहरू लेखिँदै आएको थाहा लागे तापनि ऋतु काव्यले आफ्नो पूर्ण स्वरूप नीतिकालदेखि प्राप्त गरेको हो। प्रतापचन्द्र प्रधान लेख्छन्- "प्राथमिक कालमै लालबहादुर आउँमासीको बाह्रमासे ऋतु कविताबाट महिना र ऋतुको प्रसङ्गमा विरह शृङ्गारको वर्णन गर्ने क्रम थालिएको हो भने माध्यमिक कालमा यो धारा अझ विकसित हुँदै गएको पाइन्छ।"[6] धनवीर भँडारीको 'भैंचलाको सवाई' पहिलो भाग सन् १८९७ तिर रचित सवाई हो। यसमा ऋतुको उल्लेख गरिएको पाइन्छ।

सन्सवार, ग्रीष्म ऋतु मैना जेठ मास।
भुमी चल्दा शिलाङ शहर भयो नास।।
जेठ जाँदो असार लाग्दो मसान्तका दिन।
हल्लियो पृथिवी पनि येकै छिन।

(भैंचालाको सवाई/ पहिलो भाग ७)

यस पङ्क्तिमा समय बुझाउनका लागि सवाईकारले ऋतुको प्रसङ्ग राखेका छन्। यसमा पृथ्वीको कम्पले सारा विश्व नै डराएको वर्णन गरिएको छ। प्रकृतिको शक्ति र यसको क्षमता देखेर सवाईकारले आफ्नो भय यसरी व्यक्त गरेका छन्-

बन्द भये बाटाघाटा बन्द भये खोला
आतस् पऱ्यो दुनियालाई अब कसो होला
गोरा भन्नु साहेब काला भन्नु बाबू

[5] घनश्याम नेपाल, सन् २००९, नेपाली साहित्यको परिचयात्मक इतिहास, पूर्ववत्, पृ १५७
[6] प्रतापचन्द्र प्रधान, सन् १९८०, माध्यमिककालीन नेपाली कवितामा शृङ्गार, नाथ पब्लिकेसन हाउस, वाराणसी, पृ ४६

पृथिवी भत्कँदा सबै भया काबू।।

(भैंचालाको सवाई/ पहिलो भाग ३०)

दिलूसिंह राईको 'वि सं १९५६ सालको पैह्रोको सवाई'-मा पनि ऋतुहरूको वर्णन नभएर ऋतुको उल्लेख मात्र गरिएको पाइन्छ। यो सवाई कुन सालतिर लेखिएको हो भन्ने विषयमा भीमकान्त उपाध्याय लेख्छन्- "छपन्न सालको पैह्राको सवाईको रचनाकाल पं दिलूसिंह राईले स्पष्ट उल्लेख गरेको पाइन्न तापनि यो छपन्न सालको भदौ महिनादेखि लिएर चैत महिनामा रचिएको कृति हो भन्ने अनुमान गर्न सकिन्छ, तर वि सं १९५६ (सन् १८९९-९०) तिर रचिएको प्रस्तुत सवाई चाहिँ सन् १९६९ मा मात्र प्रकाशित भएको पाइन्छ।"[7]

बसन्त ऋतुमा छारो धूलो उडदा भिस्तीले पानी भरि।

धूलो शान्त हवस् भनि कन ताँहा हिंड्दछ पानी छरि।।

(वि सं १९५६ सालको पैह्राको सवाई)

दिलबहादुर तामाङको 'धामीको सवाई' सन् १९८४ मा तेस्रो संस्करण प्रकाशित देखिन्छ। यसको रचनाकाल पनि स्पष्टसँग थाहा लागेको छैन। 'धामीको सवाई'-को पहिलो संस्करण सन् १९४२ अथवा सन् १९४८ र सन् १९५० मा दोस्रो संस्करण प्रकाशित भएको अनुमान गर्न सकिने भीमकान्त उपाध्यायले बताएका छन्। यसको तेस्रो संस्करण मात्र पाइन्छ। 'धामीको सवाई'-मा ऋतुहरूको वर्णन पाइँदैन, यद्यपि यसमा पशुबली र हिंसाप्रति विरोध जनाइएको छ। सवाईकार लेख्छन्-

तर तेस्तो न बुझी अज्ञानले गरी।

गर्दछन् झाँक्रीहरू आफ्नो मनपरी।।

ज्ञान रहित् धामीहरू पशु तुल्य भई।

रेट्तछन् विचारा पशु पन्छिलाई।।

(धामीको सवाई)

आफ्ना घरका छोरा छोरी जस्तै।

पशु पन्छि सबको संझिदेउ तस्तै।।

जस्तो दुख छ आफुई तस्तै दुख रूप

[7] भीमकान्त उपाध्याय (सम्पा), सन् १९९९, सवाई र लहरी, साहित्य अकादमी, नयाँ दिल्ली, पृ ४३

भनिकन मनले विचार् गर खुप।।

'धामीको सवाई'-मा सवाईकारले धामी झाँक्रीहरूले गाउँलेहरूलाई विभिन्न भूत प्रेतको डर देखाई पशु-पक्षीहरूको बलि दिने प्रथाजस्तो अन्धविश्वासको विरोध गरेका छन्। यस सवाईमा पशु-पक्षीप्रति उदार भाव देखाइएको छ। 'परिवेश विमर्श'-ले प्रकृति र प्राणीको सुरक्षार्थ साहित्यले पनि आवश्यक कदम उठाउनु पर्ने तर्क प्रस्तुत गर्छ।[8] त्यसैले नेपाली साहित्य आरम्भदेखि नै प्रकृति र पर्यावरणप्रति सचेत थियो भन्ने मान्न सकिन्छ।

'आनन्द लहरी'-को पहिलो भाग सन् १९१६ तिर लेखिएको अनुमान गरिएको छ।[9] 'आनन्द लहरी'-का सबै भागमा माया र प्रेम प्रीतिका कुराहरू गरिएका छन्। प्रेम प्रीतिका कुराहरू गर्दा प्रकृति स्वतः कवितामा केन्द्र बनेर आएको देखिन्छ। यसमा ऋतुको उल्लेख गरिएको पाइन्छ। 'परिवेश विमर्श'-ले प्रकृतिको सौन्दर्यको वर्णनमा होइन यसको सन्तुलन र सुरक्षाको दायित्व लिनु पर्छ भन्ने विचारमा विशेष जोड दिन्छ। 'आनन्द लहरी'-को दोस्रो भागमा लहरीकार चन्द्रमान राई र तारामान गुरुङ यसरी लेख्छन्-

असारै मैह्रा बर्सा नै भयो पानीको फुट्यो मूल
गम्भीरै बोली नक्कले हिँजा केशको राम्रो फूल।।

(आनन्द लहरी, दोस्रो भाग)

'आनन्द लहरी'-को तेस्रो भागमा पनि लहरीकार यसरी लेख्छन्-

फूलबारी बगान् घुमी र घुमी फूल केलाइ चुडायौ?
रूपकी धनी ज्यान ! तिमी रैछौ दिल् मेरो उडायौ।।

(आनन्द लहरी, तेस्रो भाग)

यी लहरीहरूमा प्रकृतिको सुरक्षार्थ दार्शनिक गाम्भीर्यका कुरा नगरिए तापनि लहरीकारले प्रकृतिका माध्यमबाट नै केही कुराहरू व्यक्त गर्न खोजेका छन्। साहित्यमा प्रकृतिको स्थान आरम्भदेखि नै थियो तर प्रकृतिको सौन्दर्यको चर्चा मात्र गरिने हुँदा कवि साहित्यकारहरू प्रकृति सुरक्षाको बोधदेखि टाढा भए। 'आनन्द लहरी'-को सातौँ भागमा वसन्त ऋतुको चर्चा पाइन्छ।

[8] के वानजा, सन् २०११, साहित्यका पारिस्थितिक दर्शन, वाणी प्रकाशन, नयाँ दिल्ली, पृ २४
[9] भीमकान्त उपाध्याय, सन् १९९९, सवाई र लहरी काव्य सङ्ग्रह, पूर्ववत्, पृ ११४

लुगा र गहनालाई, सजायौं है तिनीकन

मानू वसन्त ऋतुको , शाखा शोभित भो मन।

(आनन्द लहरी, सातौँ भाग)

नेपाली सवाई अनि लहरी काव्यमा ऋतुहरूको सामान्य चर्चा पाइन्छ। यी काव्यहरूमा प्रकृतिलाई केन्द्र गरिएको भए तापनि सबै ऋतु काव्य हुन् भनेर किटान गर्न सकिँदैन। नेपाली लोक गीतमा ऋतुहरूको उल्लेख प्रशस्तै भेटिन्छ। लोकले गाउने गीतहरूबाट प्रकृतिको चर्चा सुरु हुन थालेको मान्न सकिन्छ। यसरी हेर्दा नेपाली बाह्रमासा र बाह्रमासेलाई नेपाली ऋतु काव्यको पूर्वाधार मान्न सकिन्छ।

चूडामणि बन्धुले बाह्रमासा र बाह्रमासेलाई बेग्लाबेग्लै मानेका छन्। उनी लेख्छन्- "बाह्रमासे र बाह्रमासामा फरक छ। बाह्रमासा त्यस्तो गीत हो जसमा बाह्रै महिनाको वर्णन हुन्छ। यस्ता बाह्रै महिनाको वर्णन भएका गीतहरू नेपाली लोक जीवनमा त्यत्ति प्रिय छैनन्। नेपालको तराई र उत्तर भारतका कतिपय भाषाहरूमा ऋतुवर्णनसम्बन्धी बाह्रमासा गीतको प्रचलन भेटिन्छ। यस्ता वर्णनहरूमा प्रायः कुनै नायिकाले नायकसँगको वियोगमा बिताएका परिस्थितिको चित्रण पाइन्छ। बाह्रै महिनाको वर्णन गरिएका वर्णनात्मक गीतलाई बाह्रमासे भनेको पनि पाइन्छ।"[10]

बाह्रै महिनाको वर्णन गरेर गाइने गीत बाह्रमासा र बाह्रै महिना गाउन सकिने गीतचाहिँ बाह्रमासे हो। चूडामणि बन्धु लेख्छन् "कुनै खास पर्व, ऋतु वा संस्कारको अवसर पर्खनु नपर्ने र बाह्रै महिना मनोरञ्जनका निम्ति कथिने कविता र गाइने गीतलाई बाह्रमासे कविता र गीत भनिएको हो।"[11] अनुसन्धान र प्राप्त सामग्रीहरूबाट थाहा लागे अनुसार नेपाली साहित्यको आरम्भदेखि नै ऋतु काव्य लेखिँदै आइरहेका छन्। यद्यपि यसलाई ऋतु काव्य नै नभिएर बाह्रमासा भन्ने गरिन्थ्यो।

गोर्खा पुस्तक एजेन्सी, वाराणसीबाट 'बारहमासे रम्भा शुक सम्वाद' नाम गरेर एउटा पुस्तक प्रकाशित भएको पाइन्छ। यसमा साल १९६७ लेखिएको छ तर संवत् हो वा सन् स्पष्ट छैन। यसलाई बाह्रमासे भनिएको छ। यसमा रम्भा र शुकको वार्तालापपछि बाह्रमासे राखिएको छ जसमा वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर ऋतुको वर्णन गरिएको छ। यस काव्यमा वर्णित प्रत्येक ऋतुहरूमा शृङ्गार रस पाइन्छ। ऋतुहरूको वर्णन गर्न अघि कुनै विरहिणीको मानसिक स्थिति र विप्रलम्भ स्थिति देखाइएको

[10]चूडामणि बन्धु, सन् २००१, नेपाली लोकसाहित्य, एकता बुक्स, काठमाडौँ, पृ १२८

[11] चूडामणि बन्धु, सन् २००५, नेपाली साहित्यको इतिहास प्रथम खण्ड, साझा प्रकाशन, काठमाडौँ, पृ ७२

छ। त्यसपछि ऋतुहरूको वर्णन गरिएको छ र प्रत्येक ऋतुहरूमा त्यस विरहिणीकै शोक र उसको पति वियोगको सन्ताप वर्णन गरिएको छ।

वसन्त वर्णन-

ऋतुराज वसन्त आज आयो
मनमा अग्नि वियोगको जलायो
हुन शीतल देह गेह छोड्यो
रति तागत् अघिको नराखि तोड्यो।।१

नेपालीमा बाह्रमासे र ऋतुवर्णन लेख्ने परम्परा पुरानो हो। सन् १८०९ मा लेखिएको 'श्रीराग बाह्रमासा'-को प्राप्तिले यो प्रमाणित गर्छ भन्ने अध्येताहरूको विचार छ।[12] बाह्रमासे वा बाह्रमासामा ऋतुको वर्णन गरिनाका मुख्य कारण सम्भोग र विप्रलम्भ शृङ्गारको वर्णन गर्नु नै देखिन्छ। शृङ्गार रसमा लेखिएका बाह्रमासा आदि काव्य ऋतुवर्णनका कविता हुन् तर ऋतु त्यहाँ प्रेमको प्रतीकका रूपमा प्रस्तुत छ।

नेपाली साहित्यको माध्यमिक कालमा विभिन्न विधाका कृतिहरू सिर्जना हुन थालेको पाइन्छ। नेपाली ऋतु काव्यले नयाँ स्वरूप यसै कालदेखि पाएको हो। माध्यमिक कालमा आएर पनि बाह्रमासाहरू लेखिएको पाइन्छ।

नेपाली साहित्यको माध्यमिक काल सन् १८८३ देखि सन् १९३३ सम्मको अवधिलाई मानिएको छ। कालविभाजनमा सबै विद्वान्हरूको मत एउटै देखिँदैन, साथै माध्यमिक कालको नामकरणमा पनि भिन्नता छ। साधारणतः यसलाई माध्यमिक काल भनिए तापनि कतिले यसलाई शृङ्गारकाल, मोतीराम युग आदि भनिएको पाइन्छ। माध्यमिक काल नेपाली साहित्यको विकास काल हो। यस कालमा विभिन्न पद्य, गद्य र नयाँ नयाँ विषयका रचनाहरू प्रकाशित भएका पाइन्छन्। यस कालमा ऋतु कविताहरू धेर लेखिएका पाइन्छन् यद्यपि ती ऋतु कविताहरूमा प्रेम, रति, सौन्दर्य आदि विषयको वर्णन पाइन्छ। नेपाली साहित्यले आधुनिक कालमा प्रवेश गरेपछि ऋतु कविताहरूमा प्रकृतिको चिन्तन र यसको सुरक्षाबारे धेर लेखिएको पाइन्छ। अतः परिवेश काव्यको लेखन पनि यसै समयदेखि हुन थालेको मान्न सकिन्छ।

[12] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, सन् २००४, नेपाली साहित्यको संक्षिप्त इतिहास, पूर्ववत्, पृ ४१

लोक गीतलाई कविता मान्न सकिँदैन भन्ने तर्कलाई अघि राखेर अध्ययन गर्नु हो भने बाह्रमासा र बाह्रमासे पनि गीति कविताअन्तर्गत पर्ने हुनाले यिनीहरूलाई काव्यअन्तर्गत राख्न सकिँदैन। त्यसैले शुद्ध ऋतु काव्यको थालनी लेखनाथबाट नै भएको मान्न सकिन्छ। माध्यमिक काल शृङ्गारिकताको युग थियो तर लेखनाथ पौड्यालले 'ऋतुविचार' (सन् १९१७) र 'बुद्धिविनोद'-जस्ता काव्य लेखेर प्रकृतिवादिताका साथै बौद्धिकताको सङ्केत दिएका छन्।[13]

लेखनाथ पौड्यालको 'ऋतुविचार'-लाई पहिलो ऋतु काव्य मान्नाका लागि केही तथ्यहरू छन्। लेखनाथले ऋतु कविता लेख्नुभन्दा पहिले लेखिएका ऋतुवर्णनका कविताहरूमा शृङ्गारिकता धेर पाइन्छ। लेखनाथअघिका कविताहरूमा पनि प्रकृति वा ऋतुलाई आधार माने तापनि त्यहाँ सम्भोग र विप्रलम्भ शृङ्गारका लागि ऋतुहरू उद्दीपन विभावका रूपमा उल्लेखित छन्। प्रकृति वा ऋतुबारे त्यहाँ गहिरो चिन्तन देखिँदैन। लेखनाथ पौड्यालले 'ऋतुविचार'-मा प्रकृतिको सौन्दर्यको वर्णनसँग, प्रकृति परिवर्तन, ऋतुहरूको गति र त्यस गतिले जीवनमा पार्ने प्रभाव, संस्कृति र जीवनशैलीमा पार्ने प्रभावबारे लेखेका छन्। यति मात्र नभएर ऋतुहरूको अस्वाभाविक परिवर्तनमा मानिसको लालच र लोभ साथै औद्योगिक विकास जिम्मेवार भएका कुराहरू गरेका छन्।

माध्यमिक कालीन नेपाली पत्र-पत्रिकाहरूमा प्रायः गद्य रचनाहरू प्रकाशित भएका पाइन्छन् भने पद्यअन्तर्गत कुनै एउटा ऋतुलाई केन्द्र गरेर कविता लेखिएको पाइन्छ। मोतीराम भट्टका ऋतु कविताहरू यसका उदाहरण हुन्। भट्टले आफ्ना रचनामा प्रकृति वा ऋतुहरूको वर्णन गरे तर ती सबैमा नै प्रकृति उद्दीपन विभावका रूपमा मात्र रहेको छ। मोतीराम आफ्नो 'मनोद्वेग प्रवाह'-लेख्छन्-

घनो क्वै एक् जङ्गल् रुख रुख चढ्याका ति लहरा
नजर् गर्दा अल्गा गढि सरि खडा जो छ पहरा
झरक् झ् र्झ् र्झ् र्झ् र्झ् र्झर झर गरी झर्छ छहरा
चुटुका चूचुक्का गरि झुलिझुली बोल्दछ चरा।।

(मनोद्वेग प्रवाह ३३)

'मनोद्वेग प्रवाह'- कै ५८ औँ श्लोकमा उनले वर्षा ऋतुको वर्णन गरेका छन्-

गै गो वर्षा शरद्को बखत पनि भयो हेर आकाश सप्फा

[13] चूडामणि बन्धु, सन् २००५, नेपाली साहित्यको इतिहास, प्रथम खण्ड, पूर्ववत्, पृ ३११

वर्षामा झोक्रियाका अव त खुसि भया हाँसका गोल डप्फा

निर्मल् पानी तलाऊ नदि दहहरूमा हेर मज्जा कमल्को

जुन् खासा पोखरीमा जवत हुन गयो लर्को भ्रमर्को।

मोतीराम भट्टले आफ्ना काव्य र फुटकर कविताहरूमा प्रायः ऋतुहरूको वर्णन गरेका छन्। उनको 'श्री वसन्तपञ्चमी वर्णन'-मा पनि वसन्त ऋतुको वर्णन छ। उनको लोकप्रिय काव्य 'पिकदूत'-मा सबै ऋतुहरूको वर्णन गरिएको छ, तर ती ऋतुहरूमा विरहमा परेकी विरहिणीकै अवस्था देखाइएको छ।

वर्षाका ऋतुमा बडा विरहमा एक्लै बस्थें झ्यालमा

बादल्को दल आइ घेरिन गयो आकाश ख्याल् ख्यालमा

त्यै बेला बिजुली चमक्क चमकी वाहाँ पछी गर्जंदा

मन् धुक् धुक् हुन गो यसोरि जब ता ती पापिले विर्सदा

(पिकदूत/३)

'बुइँगल'-(सन् १९६१)-मा विभिन्न कविहरूका पूर्व प्रकाशित अप्रकाशित कविताहरू सङ्कलित छन्। नेपाली साहित्येतिहासमा छुटेका कविहरू पनि यसमा परेका छन् साथै यसमा ऋतु कविताहरू पनि परेका छन्। यसमा दानराज लमिछानेको 'बाह्र महिना'- कविता प्रकाशित भएको छ। यो कविता कहिले छापिएको हो त्यसको कुनै वर्णन छैन, साथै यसमा ऋतुहरूको भन्दा धेर बाह्र महिनाको वर्णन गरिएको छ। 'बुइँगल'-मा नरबहादुर भारतीको 'वर्षा वर्णन', भैरवकुमार राजभण्डारीको 'वर्षा ऋतु', 'सुन्दरी' पत्रिकामा प्रकाशित जोगवीर सिंहको 'शिशिर-वर्णन', 'गोरखापत्र'-मा प्रकाशित पुण्यनाथ लोहनीको 'प्रकृति' आदि कविताहरू प्रकाशित भएको पाइन्छ।

सन् १९९६ मा कमल दीक्षित, शरद्चन्द्र शर्मा र घटराज भट्टराईको सम्पादनमा 'एउटा अर्को बुइँगल'- प्रकाशित भयो। यस पुस्तकमा पनि ओझलमा परेका, प्रकाशित र अप्रकाशित कविताहरू प्रकाशित छन्। त्यसका साथै यसमा पनि ऋतु कविताहरू परेका छन्। 'गोर्खासंसार २-१२' मा प्रकाशित छविकान्त शर्माको 'वसन्त', 'सुन्दरी'-मा प्रकाशित देवराज शर्माको 'हेमन्त भत्सर्ना' प्रकाशित छन्। देवराज शर्माको 'हेमन्त भत्सर्ना' कविता अन्य ऋतु कविताहरूभन्दा भिन्न छ। यस कवितामा कविले हेमन्त ऋतुको वर्णन नगरेर त्यसको हेमन्तप्रति आक्रोश व्यक्त गरेका छन्।

हेमन्त! मन्परि नगर् अरूका जनाना

मान् खोज्दछस् यदि तँ गर् बरू काज नाना।

जाडो त रातबिचमा अति गर्दछस् तैं

पीडा दिन्या पति विना मति गर्दछस् तैं।।[14]

(हेमन्त भत्सर्न/ १)

यस पुस्तकमा प्रकृति विषयका अन्य कविताहरू पनि प्रकाशित छन्। 'गोरखापत्र'-मा प्रकाशित बटुकृष्ण रेग्मीको 'वसन्त विहार', गेहेन्द्रजङ्गको 'प्रकृतिवर्णन', 'भारती'-मा प्रकाशित हर्कजङ्ग सिंह छेत्रीको 'वसन्तागमन' आदि कविताहरू सङ्कलन गरिएको छ। नेपाली ऋतु काव्यका दृष्टिकोणले हेर्दा 'बुझँगल'-मा छापिएका कविताहरू महत्त्वपूर्ण छन्।

दुर्गाप्रसाद शर्माको सम्पादनमा सन् १९०५ तिर प्रकाशित भएको 'कविताकल्पद्रुम' आफ्नो युगको प्रतिनिधिमूलक सङ्ग्रह हो। यस सङ्ग्रहमा ऋतुका कविता नभए तापनि ऋतुहरूको वर्णन गरिएको थाहा लाग्दछ। रमेश श्रेष्ठले वसन्त ऋतुमा बसन्ती रङ्गका फरिया लगाएर सहरमा सङ्गिनीहरूसित साथ घुम्न आएकी नायिकामाथि लेखिएका कविताहरू 'कविताकल्पद्रुम'-मा पाइन्छन् र यस कुराले बाह्रमासातिर सङ्केत गर्छ[15] भन्ने विचार राखेका छन्। सन् १९०३-तिर कृष्णप्रसाद रेग्मीको 'विरहलहरी' प्रकाशित भएको पाइन्छ। यसमा नायक नायिकाको संवाद र ऋतुवर्णन पाइन्छ। 'ऋतुवर्णनमा ऋतु युवतीको मनोदशाको आवर्तन भएर आउँछ।'[16]

उज्याला लाग्छ सबै, सबै वन भरी सिक्रा ति छन् रुख पनि

न्याहुल् न्याहूल गर्छ न्याहुलि चरो त्यै वृक्षमाथि अनि।।

नेपाली साहित्यको माध्यमिक कालमा ऋतुका कविताहरू लेखिए तापनि लेखनाथ पौड्यालको 'ऋतुविचार'- जस्तो कुनै हुन सकेन। माध्यमिक कालदेखि हालसम्म नेपाली साहित्यमा अनेकौँ पत्र-पत्रिकाहरू प्रकाशित भइसकेका छन्। ती प्रत्येक पत्र पत्रिकाहरूमा एउटा भए पनि ऋतुको कविता प्रकाशित भएको अनुमान गर्न सकिन्छ। सन् १९४७ तिर प्रकाशित 'सूक्तिसन्धु (फेरि)'-मा मुखिया शम्भुप्रसाद शर्माको 'वसन्त' कविता प्रकाशित देखिन्छ। उनी लेख्छन्-

आँधीलाई चलाई अलि अलि अहिले आउँदो भो वसन्त

---

[14]कमल दीक्षित, शरद्चन्द्र शर्मा, घटराज भट्टराई, सन् १९९६, एउटा अर्को बुझँगल, साझा प्रकाशन, काठमाडौँ, पृ ९२

[15] रमेश श्रेष्ठ, सन् १९७८, नेपाली कविताका प्रवृत्ति, साझा प्रकाशन, काठमाडौँ, पृ ६६

[16] रमेश श्रेष्ठ, सन् १९७८, नेपाली कविताका प्रवृत्ति, पूर्ववत्, पृ ८३

झाँका ख्वाई उठायो घन गगनमहाँ गर्जिगर्जी अनन्त।

सारा भो बन्द खिड्की चमचम बिजुली चम्किचम्की करायो

प्यारी टाढा हुनाले थररर मन भै आज मेरो डरायो।१।

नेपाली साहित्यमा जुन सङ्ख्यामा अन्य विषयका कविताहरू लेखिए त्यही सङ्ख्यामा ऋतु कविताहरू पनि लेखिएका छन् भनेर किटान गर्न सकिँदैन। पत्र-पत्रिकातिर प्रकाशित एकदुईवटा कविताहरूबाहेक सङ्ख्याका दृष्टिले ऋतु कविताहरू अन्य विषयका कविताहरूभन्दा कम लेखिएका छन् यद्यपि कुनै पनि ऋतुको शीर्षक नदिई प्रकृति विषयका कविताहरू भने प्रकाशित भएका छन्।

सन् १९६५ मा 'नेपाली भाषा प्रकाशिनी समिति' नाम फेरिएर 'साझा प्रकाशन' नामले परिचित भएको प्रकाशन संस्थाले 'नेपाली पद्य सङ्ग्रह' प्रकाशित गरेको थियो। यसमा धर्मराज थापाको 'वसन्त' शीर्षकको कविता प्रकाशित पाइन्छ। उनी लेख्छन्-

सुन हे साथी! छप्परभित्र कोइली बोलेकी

वसन्त ऋतु आएछ क्यारे हृदय खोलेकी

देखिन्छ नौलो वनको दृश्य सपक्क फुलेको

सुनिन्छ नौलो मधुरो ध्वनि हृदय खुलेको

नेपाली पत्र-पत्रिकाले पनि ऋतु कविताहरू प्रकाशित गरेर यसको विकासमा ठुलो योगदान पुऱ्याएको छ। लेखनाथको 'ऋतुविचार' मोहन कोइरालाको 'ऋतुनिमन्त्रण' र मनप्रसाद सुब्बाको 'ऋतु क्यान्भसमा रेखाहरू'- बाहेक पनि ऋतु कविताहरू लेखिएका छन् र सङ्ग्रह नै पनि प्रकाशित भएका छन्। तुलसी राम शर्मा 'कश्यप' –को सन् १९८९ मा प्रकाशित 'ऋतु-राग' त्यसमध्ये एउटा हो। कविले 'ऋतु-राग'को आरम्भमा 'ईशवन्दना' गर्दै वसन्त ऋतुबाट कविता सुरु गरेर शिशिर ऋतुमा अन्त गरेका छन्। लेखनाथ पौड्यालको 'ऋतुविचार' र यस काव्यको ऋतु क्रम एकै प्रकारले राखिएको पाइन्छ। 'ऋतु राग'-मा ऋतुको वर्णन सँगसँगै प्रकृतिको समस्याप्रति चिन्ता व्यक्त गरिएको छ।

कवि 'ग्रीष्म' ऋतुको वर्णनक्रममा लेख्छन्-

सल्कन्छ जङ्गल र नष्ट भएर वृक्ष

राम्रा सुकोमल लता सब पिल्सिएर

बन्दा उजाड नृप राज भएर नाश

रोएसमान छ विभत्स विदीर्ण दृश्य।।

प्रकृतिमा पारिस्थितिकीय रूपले हुने सिर्जनाबारे कविले 'वसन्त' ऋतुमा यसरी लेखेका छन्-

कालो भए पनि सुरो भँवरो रमाई
आएर पुष्परस चुस्न लुकी फकाई
खाली गराउँदछ कोख र बीज झर्छ
छोपी छपक्क पछिको सपना सजिन्छ।

पारसमणि शमको 'आर्तव' सन् २००३ मा प्रकाशित देखिन्छ। यसमा छवटा ऋतुका कविता छन् तर शीर्षक दिइएको छैन यद्यपि नेपाली ऋतु कविता लेखनको विकासमा यसको योगदान रहेको छ। कवि लेख्छन्-

ऋतु नहुँदो हो त पृथ्वी जीव शून्य हुने
अन्य ग्रहसरह निर्जीव बन्ने
प्रकृतिको दिव्य-सौन्दर्य-माधुरी
ऋतुमा नै भर पर्दो छ

कविले ऋतुहरू प्रकृतिमा जन्मेका हुन् र मानिसले उसको नामकरण मात्रै गरेका हुन् भन्दै लेख्छन्-

पृथ्वीमा जीवन पलाएदेखि
यी ऋतुहरू छन् जन्मेका
नाम मात्र राख्ने मानव
आज आफ्नै सीमा नाघी
अर्काको राज्यमा प्रवेश गर्दै
कतै आतङ्क मचाउँछन्।

सिक्किमबाट प्रकाशित ऋतु काव्यमा तुलसीराम शर्मा 'कश्यप'-को ऋतु राग पहिलो देखिन्छ भने पारसमणि समको 'आर्तव' दोस्रो हो। सन् २०१० मा सिक्किमबाट नै प्रकाशित के एन शर्माको 'मेघावर्त'- पनि ऋतु कविता सङ्ग्रह हो। यसमा उनले पनि वसन्तबाट कविता सुरु गरेर शिशिरमा अन्त गरेका छन्। यस कविता सङ्ग्रहको बिचमा 'सिक्किम दर्शन' शीर्षक कविता पनि जोडिएको पाइन्छ।

सन् २००६-मा काठमाडौँबाट प्रकाशित युवराज शर्मा गौतमको 'ऋतु दर्शन' र नेपालबाटै सन् २०११-मा प्रकाशित जगन्नाथ दाहालको 'ऋतु दर्पण' – ले ऋतु काव्य लेखनको परम्परामा योगदान दिएको छ। यी दुवै ऋतु काव्य लेखनाथको 'ऋतुविचार' काव्यको परिपाटीमा लेखिएको पाइन्छ।

नेपाली साहित्यमा ऋतुका कविताहरूबाहेक प्रकृतिसम्बन्धी थुप्रै कविताहरू लेखिएका छन्। यसले परिवेश काव्य लेखनतिर सङ्केत गर्दछ। यस्ता कविहरूमा लक्ष्मी प्रसाद देवकोटाको नाम पहिलो पङ्क्तिमा राख्न सकिन्छ। उनका कविताहरूमा प्रकृतिको सुन्दर वर्णन पाइन्छ। सन् १९६९ मा मोहनराज शर्माले देवकोटाका कविताहरू सङ्कलन गरेर प्रकाशित गरेका छन्। यसलाई उनले देवकोटाको 'आकाश बोल्छ'-को दोस्रो भाग भनेका छन्। यस सङ्ग्रहभित्रका सबै कविताहरू प्रकृतिकेन्द्रित छन्। 'चरो कवि' शीर्षक कवितामा देवकोटा लेख्छन्-

प्रकृतिमा गुँड एक बनाउँछु,
र हरियो सुख-गान म गाउँछु
जन सबै नबुझुन्, न त अर्थ होस्
हृदय यो रसभित्र बहाउँछु।।

देवकोटाका महाकाव्य, खण्डकाव्य र फुटकर कविताहरूमा प्रकृतिको वर्णन पाइन्छ। ती कविताहरूमा देवकोटाको प्रकृति प्रेम र प्रकृति चिन्तन पाइन्छ। उनले कविता सँगसँगै गद्यमा पनि प्रकृतिलाई केन्द्र गरेको पाइन्छ। उदाहरणका लागि उनको 'लक्ष्मी निबन्ध सङ्ग्रह' भित्रका निबन्धहरूलाई लिन सकिन्छ। उनका कविताहरूमा प्रकृति विभिन्न विषयको प्रतीक बनेको पाइन्छ। त्यसमा जीवनको प्रतीक मुख्य देखिन्छ। देवकोटाले आफ्नो जीवनकालभरि प्रकृतिलाई केन्द्र गरेर साथै प्रकृतिको परिधिमा रहेर नै कविता लेखे। उनको 'जिन्दगीको मौसम' कवितामा पनि जीवनको मौसम वा जिन्दगीको स्थिति देखाउने क्रममा उनले प्रकृतिको सहाराको लिएका छन्। उनी लेख्छन्-

जिन्दगीको मौसम रहँदै
खन खन दिलको खेत
बाँझो नहोस् पानी पर्दै
चेतनजल शुद्ध सफेद।
अनन्त ठुलो सागरबाट

घुमि घुमि मौसम आयो

खुब फुल्दछ दिलको माटो

वर्षाले गान सुनायो।

उसै गरी लेखनाथ पौड्यालले 'ऋतुविचार'- बाहेक पनि थुप्रै प्रकृति सम्बन्धित कविताहरू लेखेका छन्। उनको 'लालित्य भाग १'- मा 'वसन्त कोकिल', 'वसन्त', 'गौँथलीको चिरिबिरी'-जस्ता कविताहरू प्रकाशित छन्। लेखनाथ पौड्यालको 'तरुण तपसी'-लाई परिवेश काव्य मान्न सकिन्छ। यस काव्यमा प्रकृति र मानिसबिचको संवाद पाइन्छ, जहाँ प्रकृतिले तपसीको रूप लिएर कान्ता विरही कविलाई प्रकृतिको सत्यबारे अवगत गराएको छ। मानिसलाई प्रकृतिले तपसीको रूपमा रही प्रकृतिमा निहित भौतिक र आध्यात्मिक ज्ञान दिएको छ साथै आफ्नो आरम्भ र विकासका सम्पूर्ण तथ्यहरू राखेको छ। चिन्तनका दृष्टिले वेदान्तबाट प्रभावित यस काव्यमा प्रकृतिका गुण, व्यवहार, रूप र पारिस्थितिकीय विवरणहरू अभिव्यक्त भएको पाइन्छन्।

'तरुण तपसी'-मा कविले प्रकृतिको क्रन्दन र मानिसको स्वार्थबारे सुन्दर सुन्दर पङ्क्तिहरू रचेका छन्। सिकारीले सानी चरीको सिकार गर्दा प्रकृतिको हृदय चिरिएको मार्मिक प्रसङ्ग यस्तो छ-

न सक्छौ आशू टपटप टिपी चप्प पिउन

न सक्छौ मासूले दिनभर अघायेर जिउन।

न सक्छौ यो भुत्ला लिइकन कुनै वस्त्र सिउन

चुँड्यौ व्यर्थै मेरो मनुज! तिमीले जीवन किन?

मानिसले प्रकृतिबाट जीवन जिउन सिक्छ। प्रकृतिबाट नै उसले जीवनको रहस्य बुझ्दछ। प्रकृतिमा नै निर्भर रहेर आफ्नो सम्पूर्ण व्यावहारिक आवश्यकता पूर्ण गर्दछ तरै पनि प्रकृतिकै अनादर गरेर मानिसले प्रकृतिलाई सदैव शोषण र अपमान गरिरहेको हुन्छ। त्यसैले यस पद्यांशमा कविले चरीको मार्मिक व्यथाको रूपक रचेर त्यसबाट मानिसलाई धिक्कारेका छन्।

कवि सिद्धिचरण श्रेष्ठको 'वर्षा' कविता पनि ऋतु कविता नै हो। यस कवितामा उनले सभ्यताभन्दा प्रकृतिको वास्तविकतामा सुख छ भन्ने बताएका छन्। उनी लेख्छन्-

सभ्यतादेखि धेरै टाढा

होला यो सुख झन् कति गाढा

छैन यन्त्रणा जहाँ हृदयको

बहन्छ खोला जहाँ अभयको।

सन् १९६० मा प्रकाशित भीमनिधि तिवारीको 'विस्फोट' कविता सङ्ग्रहमा पनि प्रकृति विषयका कविताहरू पाइन्छन्। यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरू उनको 'मुक्तक' कविता सङ्ग्रहका कविता हुन् भन्ने कुरा कवि स्वयम्ले लेखेका छन्। 'रुखको पश्चताप' शीर्षक कवितामा कवि लेख्छन्-

माग्नेभन्दा तल्लो स्तरमा गृहस्थ भै बसेका

पाटीभन्दा थोत्रे वास घरको नाम दिएका

वर्षामा सोता खस्छन्, शरद्मा तारा हेर्छन्

यहीँ मेरो जन्म भयो

विकसित भो स्वरूप

किन दियो मलाई ईश्वरले रूप!

हरिभक्त कटुवालले पनि केही प्रकृति वा ऋतु विषयका कविता लेखेका छन्। उनको 'बदनाम मेरा यी आँखाहरू' कविता र गीत सङ्ग्रहमा 'म वसन्तको एक नव पल्लव', 'म साझा वसन्त पर्खिरहेछु'-जस्ता कविताहरू प्रकाशित छन्। यी कविताहरूमा प्रकृति चिन्तन नै केन्द्रमा भने रहेको छैन यद्यपि प्रकृतिप्रतिको उदार भावना देख्न सकिन्छ।

सन् १९८३ मा लक्खीदेवी सुन्दासको सम्पादनमा प्रकाशित 'सम्मेलन कविता सङ्ग्रह'-मा पनि ऋतु विषयक कविताहरू समावेश गरिएको पाइन्छ। पुष्पलाल उपाध्यायको 'वसन्त', शिवकुमार राईको 'जब वसन्त परी विहार गर्छ', आर पी लामाको 'वसन्त आयो' कविताहरू यसमा प्रकाशित छन्। यस सङ्ग्रहमा ऋतुको शीर्षक नदिएर अन्य शीर्षकमा नै प्रकृतिका कविताहरू भने प्रशस्तै पाइन्छन्। यसअन्तर्गत ओकिउयामा ग्वाइनको 'फूलको शेष', जस योञ्जन 'प्यासी'- को 'अब जङ्गलमा होइन यही शहरमा शिकार खेल्नुपर्छ', हरेन आलेको 'सूर्य : मेरो आँगनभरि', टेकध्वज जिम्बा 'आशा'-को 'यो फोहोर शहर', राजेन्द्र भण्डारीको 'बाला निहुरन्छन्', दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र'-को 'आँपको रुख र म' आदि कविताहरू प्रकाशित छन्। यी कविताहरूले प्रकृतिका विविध समस्याहरूलाई प्रतीकात्मक रूपले अभिव्यक्ति दिएका छन्।

नेपाली ऋतु कविताहरू आधुनिक युगमा आइपुग्दा ऋतुहरूको वर्णन मात्र नभएर प्रकृतिको समस्याबारे चिन्तन पनि गर्दै लेखिएको पाइन्छ। आधुनिक कालमा ऋतुहरूका नाममा कविता नलेखिए तापनि प्रकृति चिन्तनका कविताहरू विभिन्न शीर्षक दिएर लेखिन थाले। भूमण्डलीय तापक्रम वृद्धिका कारणले हुने जलवायु परिवर्तन, बढ्दो जनसङ्ख्याका र सहरीकरण, गाउँ-घरका खेतहरू जीवनशैली र प्राविधिक विकासले बाँझो बनेका, हात-हतियारको परीक्षणका नाममा प्रकृतिको विनाश आदि विषयका कविताहरू लेखिन थाले।

नेपाली कवि, समालोचकहरू प्रकृतिप्रति आरम्भदेखि नै सचेत थिए भन्ने कुरो पनि प्रमाणित हुन्छ। नेपाली बाह्रमासादेखि लिएर ऋतु विषयका कविताहरू र आधुनिक कालमा आएर प्रकृति चिन्तनका थुप्रै कविताहरू नेपाली साहित्यमा प्रकाशित भइसकेका छन्। अतः नेपाली कवितामा जीवनका विविध विषयहरू, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय समस्याहरूसँगै लोक, जनजाति, प्रेम, राजनीति आदि विषयहरू अभिव्यक्त भएको पाइन्छ। यसबाहेक, ऋतु र प्रकृति चिन्तनका कविताहरूको सङ्ख्या पनि उल्लेखनीय देखिन्छ।

२.२ प्रकृति सङ्कट र नेपाली परिवेश काव्य

प्रकृति सङ्कट एकाइसौँ शताब्दीमा देखा परेको ठुलो सङ्कट हो। यसको बीज औद्योगिक क्रान्तिको समयदेखि रोपिएको थाहा लाग्छ। विश्वमा जति आतङ्कवाददेखि त्रास छ उतिकै त्रास जलवायु परिवर्तनका कारणले पनि छ। विश्वका देशहरू पुँजीवाद र साम्राज्यवादका प्रतियोगितामा लागेपछि यस्ता समस्याहरू देखिन थालेका हुन्।

मानिसका व्यवहारमा आएको प्रतिकूल परिवर्तनले प्रकृतिमा सङ्कट उत्पन्न भएको हो। पर्यावरणले आफ्नो गुणस्तर स्थिर राख्न नसक्नाको कारण पनि यही नै हो। मानिसका व्यवहारमा आएको प्रतिकूल परिवर्तनले प्रकृतिको मूल स्वरूप र तत्त्वहरूमा परिवर्तन आउँछ, जसबाट सम्पूर्ण जैविक समुदाय र मानव समाजमाथि प्रतिकूल प्रभाव पर्छ।[17] 'प्रकृति सङ्कट एउटा पारिभाषिक शब्द हो, जसको अर्थ मानवीय क्रियाकलापहरूद्वारा पारिस्थितिकीको स्थिरता र पारिस्थितिकी सन्तुलनमा विभिन्न

[17] सोमनाथ ढकाल, सन् २००३, वातावरणीय शिक्षा तथा सामुदायिक स्वास्थ्य, रत्न पुस्तक भण्डार, काठमाडौँ, पृ ५३

परिणाम अथवा पारिस्थितिकी असन्तुलन हुनु भन्ने हुन्छ।'[18] प्रकृति सङ्कटका मुख्यतः दुईवटा कारणहरू देखिन्छन्। पहिलो प्राकृतिक प्रक्रियाहरू र दोस्रो मानवीय क्रियाकलापहरू। प्राकृतिक प्रक्रियामा वनमा आगो लाग्नु, सुनामी, भुइँचालो, बाढी आउनु, खडेरी पर्नु आदि पर्छन्।

मानवीय क्रियाकलापहरूमा आधुनिक प्रविधिको विकास, प्राकृतिक सम्पदाको अनावश्यक नाश, जनसङ्ख्या वृद्धि, सहरीकरण, उद्योगधन्दा र कारखानाहरूको बृद्धि, कारखानाबाट बग्ने रासायनिक फोहोर नदी, समुद्रमा जानु आदि पर्छन्। प्रकृति सङ्कटका लागि मूलतः यी कुराहरू नै धेर जिम्मेवार छन्। भारत सरकारको पर्यावरण, वन अनि जलवायु परिवर्तन मन्त्रालयले वन-जङ्गल सुरक्षाका लागि अधिनियमहरू बनाएका छन्। वन संरक्षण अधिनियम १९८० को संशोधन पत्र 'वन (संरक्षण) संशोधन नियम २००४, जिएसआर (ई), दिनाङ्क ३ मार्च २००४को शुद्धिपत्र जिएसरआर, १०७ (ई), दिनाङ्क ९ मार्च २००४'- निर्देश सङ्ख्या No.11-70/2002-FC (Pt) - अन्तर्गत वन-जङ्गल अथवा जङ्गल क्षेत्रमा परेका बस्तीहरूबारे केही नियमहरू छन्। त्यसमा पहिलो अधिनियमअनुसार सङ्घीय मन्त्रमण्डलले सन् १९९० मा सहमति जनाएको प्रस्तावअनुसर वन-बस्तीलाई सुरक्षा गरिने छ। ती वन-वस्तीहरूलाई सुरक्षा दिएर ती बस्तीहरूलाई राजस्व बस्तीका रूपमा मान्यता दिइने छ। यसका लागि राज्य सरकारले बस्तीको नक्सा केन्द्र सरकारलाई बुझाउनुपर्ने छ। यसको पाँचौँ अधिनियमअनुसार यदि कुनै वन बस्ती राष्ट्रिय उद्यान र अभयारण्यअन्तर्गत पर्छ भने ती वन वस्तीहरूलाई राजस्व वस्तीका रूपमा मान्यता दिनका लागि राज्य सरकारले नेसनल बोर्ड अव् वाइल्डलाइफ र उच्चन्यायलयद्वारा निर्मित अस्थायी समितिको स्वीकृति लिनु पर्ने हुन्छ।

विश्वका प्रत्येक राष्ट्रले जलवायु र वन-जङ्गल सुरक्षाका लागि विभिन्न नियमहरू बनाएका छन्। तर राजनीतिको फाइदाका लागि आधिकारीवर्ग नै सरकारी नियमहरूको उलङ्घन गरेका घटनाहरू पत्रपत्रिकातिर पढ्न पाइन्छ। फलस्वरूप त्यहाँका पर्यावरण र वन्य प्राणीहरूको जीवनमा ठुलो प्रभाव परेको देखिन्छ। प्रतिवर्ष जङ्गलबाट हात्ती, चितुवा र अन्य वन्य पशुहरूले वन-वस्तीमा उत्पात मचाएको, मान्छे मारेको आदि खबरहरू खबर काजगतिर पढ्न पाइन्छ। राजमार्ग १० मा बाँदरहरूको सङ्ख्यामा वृद्धि भएको देख्न पाइन्छ। यी सबै घटनाहरूको मूल कारण वन-जङ्गलमा स्थायी रूपले आवास योजनाहरू सुरु भएपछि हो भन्न सकिन्छ।

[18] सोमनाथ ढकाल, सन् २००३, पूर्ववत्, पृ ५३



Index	
Pollution Index:	75.31
Pollution Exp Scale:	132.17

Pollution 75.31

Pollution in India

Air Pollution	68.39	High
Drinking Water Pollution and Inaccessibility	53.29	Moderate
Dissatisfaction with Garbage Disposal	68.10	High
Dirty and Untidy	63.91	High
Noise and Light Pollution	59.18	Moderate
Water Pollution	69.49	High
Dissatisfaction to Spend Time in the City	62.21	High
Dissatisfaction with Green and Parks in the City	52.16	Moderate

Purity and Cleanliness in India

Air quality	31.61	Low
Drinking Water Quality and Accessibility	46.71	Moderate
Garbage Disposal Satisfaction	31.90	Low
Clean and Tidy	36.09	Low
Quiet and No Problem with Night Lights	40.82	Moderate
Water Quality	30.51	Low
Comfortable to Spend Time in the City	37.79	Low
Quality of Green and Parks	47.84	Moderate

Contributors: 5000
Last update: October 2018
These data are based on perceptions of visitors of this website in the past 3 years.
If the value is 0, it means it is perceived as very low, and if the value is 100, it means it is perceived as very high.
Our data for each country are based on all entries from all cities in that country.

तालिका १

भारतमा प्रदूषण कुन स्तरमा बढिरहेको छ भन्ने उपर्युक्त विवरण वेब स्रोतबाट लिइएको हो।[19] प्रदूषण सँगसँगै वन्य प्राणीहरूको आक्रमणले प्रतिवर्ष मानिसहरू मर्छन्। यसरी मानिसहरू वन्य प्राणीबाट मारिनाका मुख्य कारण मानिसले वन-जङ्गलमा गरेको हस्तक्षेप हो भन्न सकिन्छ। उनीहरूले वन जङ्गलमा आफ्नो आहार पाउन छोडे। मानिसहरूले जङ्गललाई पर्यटन स्थल, वनभोज स्थाल, कारखाना आदिमा परिणत गरेपछि जङ्गली पशु प्रणाहरू गाउँ घर पस्न थालेका हुन्। ७ अक्टुबर सन् २०१८ को 'हिन्दुस्तान टाइम्स'- मा प्रकाशित स्वास्थ्य मन्त्रालयको रिपोर्टअनुसार भारतमा प्रतिदिन वन्य प्राणीद्वारा २८ जनाको मृत्यु हुने गदर्छ। 'हिन्दुस्थान टाइम्स्'-को रिपोर्टअनुसार अप्रेल २०१६ र मार्च २०१७ बिच भारतमा ७५५६ जना मानिसको वन्य प्राणीहरूको आक्रमणले मृत्यु भएको जनाइएको छ।

भारत सरकारको 'पर्यावरण, वन अनि जलवायु परिवर्तन मन्त्रालय'-ले आफ्नो आधिकारिक वेबसाइटमा प्रदूषणका विविध कारणहरू दिएको छ। भारतमा ७० देखि ८० प्रतिशत जल प्रदूषण औद्योगिक कलकारखाना र घरेलु कामबाट निस्केका पानीबाट हुन्छ भने वायु प्रदूषणको मूल कारण

[19] https://www.numbeo.com/pollution/country_result.jsp?country=India, ०७.१०.२०१८/ १:२६ am.

गाडीहरूका धुँवा र कलकारखानाबाट निस्कने धुँवाले गर्दा हुन्छ। त्यसका साथै ग्रामीण क्षेत्रमा अन्नबाली पाकेपछि काटेर जलाइने घाँस-पराल आदिबाट निस्कने धुँवाबाट पनि वायु प्रदूषण हुन्छ। ध्वनि प्रदूषणमा ट्राफिक र व्यावसायिक कार्यक्रमहरू जिम्मेवार हुन्छन् भनेर मन्त्रालयको वेबसाइटमा लेखिएको पाइन्छ। यी सबै नै प्रकृति सङ्कटका मूल कारणहरू हुन्। विश्वका सबै देशहरू यस सत्यसित अवगत छन् तर यसमा गम्भीर नहुनु नै प्रकृतिको सङ्कटको मूल कारण हो। त्यसैले परिवेश विमर्शका चिन्तकहरू 'हरित आध्यात्मिकता'[20]-प्रति सचेत बन्ने सुझाउ दिन्छन्।

सोमनाथ ढकालले आफ्नो पुस्तक 'वातावरणीय शिक्षा र सामुदायिक स्वास्थ्य'-मा रासायनिकीकरणले गर्दा हुने परिणामबारे लेखेका छन्-

१. चराचुरुङ्गीहरू, माछा र वन्यजन्तु नाश हुनु।

२. भूमि/माटो, जल र वायु प्रदूषित हुनु।

३. खाद्यान्न, फलफुल, सब्जी, सागपात, दुध, माछा, मासु, अन्डा आदि प्रदूषित हुनु।

४. अन्धोपन, क्यान्सर, कुरूपता हुनाका साथै कलेजो र स्नायुप्रणालीका रोगहरू लाग्नु।

५. पारिस्थितिकमा खाद्य शृङ्खलालाई असर गर्नु

६. भावी पिँढीसम्म आनुवंशिक दोषहरू देखा पर्नु।[21]

प्रकृति सङ्कटको मुख्य कारण मानिसका अनैतिक र पर्यावरणप्रति गैरजिम्मेवारीपूर्ण कार्य हुन्। प्रकृतिप्रति मानिसको प्रतिकूल व्यवहार साथै प्रकृतिको सतहमा मात्र नभएर भूगर्भमा समेत गएर पनि मानिसहरूले विभिन्न परीक्षण गरेर प्रकृतिलाई अस्थिर बनाएको छ। ।

प्रकृति सङ्कटबारे राजेन्द्र भण्डारी लेख्छन् 'उन्नाइसौँ शताब्दीको अन्तदेखि नै विश्वभरि औद्योगिक क्रान्तिको दुन्दुभी बज्न थाल्यो। एकापट्टि उद्योगले मानिसलाई भौतिक सुखसुविधा दियो भने अर्कापट्टि औद्योगीकरणबाट पर्यावरण प्रदूषित बन्यो। पर्यावरण प्रदूषणका कारणमध्ये जनसङ्ख्या विस्फोट, पर्यावरणबारे अल्पज्ञान वा अज्ञान, सामाजिक, सांस्कृतिक अन्धधारणा, भौतिक सुविधाभोगी अपसंस्कृतिको विकास, विलासी मनोवृत्ति, योजनाहीन सहरीकरण, तकनिकीय प्रगति इत्यादि प्रमुख छन्। औद्योगिक र तकनिकीय समृद्धि प्राप्त गरेका देशहरूमा उद्योगकेन्द्रबाट सहउत्पादित सामग्री, रद्दी

[20] के वानजा, सन् २०११, साहित्यका पारिस्थितिक दर्शन, वाणी प्रकाशन, नयाँ दिल्ली, पृ १८

[21] सोमनाथ ढकाल, सन् २००३, वातावरणीय शिक्षा र सामुदायिक स्वास्थ्य, पूर्ववत्, पृ ८९

सामग्रीहरू समुद्र, र वन जङ्गलमा फेक्ने गरिन्छ जसले प्रदूषण फैलाउँछ। चिनी, साबुन, जुट रासायनिक पदार्थ, सिन्थेटिक, धातु, पोलिथिन, सिमेन्ट, इन्धन, सल्फर आदिका कारखानाबाट मिल्काइका यस्ता विकृत पदार्थबाट खोला नाला, समुद्र आदि प्रदूषित हुँदछ। उसै गरी कोइला, तेल, रेलका धुँवा, ग्यासोलिन, बम परीक्षण आदिबाट हावा प्रदूषित हुँदछ। अल्पकालिक उर्वरताका मोहले जमिनमा प्रयोग गरिने किसिम किसिमका किटा-नाशक औषधिको प्रयोगले माटामा प्रदूषण आउँछ अनि रेडियोधर्मी किरणबाट वनस्पति, खाद्यान्न आदिमा प्रदूषण आउँछ।[22]

प्रकृति सङ्कट अथवा पर्यावरण सङ्कट विश्वको गम्भीर समस्या हो, यद्यपि यसको मुख्य कारण पनि विश्वमा शक्तिशाली र उन्नत बन्ने प्रतियोगिता नै हो। व्यापार धन्दाका लागि, वन्य जीवको तस्करी, काठ, तेल, खनिज, बालुवा आदिको तस्करी जस्ता कार्यहरूले प्रकृतिलाई व्यापक क्षति पुऱ्याएका छन्। यी सबै विषयहरूको मुख्य जड मानिसकै लोभ र विलासी प्रवृत्ति हो।

२.२.१ नेपाली परिवेश काव्यको स्वरूप र यसको विश्लेषण

नेपाली साहित्यमा प्रकृति विषयका कविताहरू आरम्भदेखि नै लेखिन थालेको प्रमाणित भइसकेको छ। नेपाली साहित्यको स्तवनकालदेखि लिएर उत्तरप्रयोग काल अथवा उत्तरआधुनिक कालसम्म प्रकृति चिन्तनका कविताहरू लेखिएको पाइन्छ। यसमा स्तवन कालदेखि माध्यमिक कालसम्म प्रकृति वर्णन र ऋतुहरूका कविता लेखिएका पाइन्छन् भने आधुनिक कालदेखि प्रकृति सङ्कटका कुराहरू अझ व्यापक रूपमा लेखिन थालेको देखिन्छ। नेपाली साहित्यमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटादेखि लिएर मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारीहरूका पुस्तासम्म प्रकृति चिन्तनका कविताहरू सिर्जना भइरहेका छन्। नेपाली युवा कविहरू पनि प्रकृति सङ्कटदेखि अनभिज्ञ छैनन्। उनीहरूका कवितामा पनि प्रकृति सुरक्षाका स्वरहरू पाइन्छन्। भारतीय नेपाली कविताको इतिहासमा साठीको दशकदेखि यता प्रकृति विषयका कविताहरूमा प्रकृति चिन्तन धेर अभिव्यक्त भएको देखिन्छ। मोहन ठकुरी, जीवन थिङ, मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारीहरूदेखि लिएर अहिले सुधीर छेत्री, रेमिका थापा, जय क्याक्टसहरू हुँदै बासुदेव पुलामीका पुस्तासम्मका कविहरूद्वारा प्रकृति चिन्तनका कविताहरू लेखिँदै आएको देखिन्छ।

[22] राजेन्द्र भण्डारी, सन् २०१२, पर्यावरण र साहित्य, पर्यावरण-चेतना, वर्ष १७, अङ्क १२, भुवन पी खनाल (सम्पा), कालेबुङ, पृ ९

नेपाली साहित्यको पहिलो ऋतु काव्य कुन हो भन्ने प्रश्नमा यस शोध कार्यले लेखनाथ पौड्यालको 'ऋतुविचार' नै हो भन्ने निष्कर्ष प्राप्त गरेको छ। प्रारम्भिक कालदेखि नै लेखिँदै आएका ऋतु विषयका कविताहरूको अभिप्राय प्रकृति सुरक्षा नै थियो भन्न सकिँदैन। नेपाली साहित्यमा आधुनिक कालको पूर्वार्धदेखि मात्र प्रकृतिप्रति सचेत भएर कविहरूले कविता सिर्जना गर्न थालेको थाहा लाग्छ। लेखनाथ पौड्यालले 'ऋतुविचार' लेख्दा विश्वमा प्रकृति सङ्कट सुरु भइसकेको थियो। उनी प्रकृति सङ्कट, पर्यावरण सङ्कट अथवा जलवायु परिवर्तनजस्ता घटनाहरूदेखि अनभिज्ञ थिएनन्। नेपाली साहित्यको पहिलो मौलिक ऋतु काव्य मान्न सकिने उनको 'ऋतुविचार'-भित्र ऋतु परिवर्तन, यसका कारण र ती परिवर्तनले ल्याउने विपद्हरूबारे चर्चा गरिएको पाइन्छ। त्यसका साथै लेखनाथ पौड्यालले 'तरुण तपसी' लेखेर नेपाली साहित्यमा परिवेश काव्य लेखनको घडेरी तयार पारिदिएका छन्। उनलाई पारिस्थितिकी विज्ञानको राम्रो ज्ञान भएको बुझिन्छ। 'तरुण तपसी'-मा उनले यसका सुन्दर उदाहरणहरू दिएका छन्। श्रीमद्भागवतको "अहस्तानि सहस्तानामपदानि चतुष्पादम्। फल्गूनि तत्र महतां जीवो जीवस्य जीवनम्।।"[23] श्लोकको अर्थ संस्कृतका ज्ञाता लेखनाथ पौड्यालले राम्ररी बुझेका थिए। उनले 'ऋतुविचार' र 'तरुण तपसी'-मा पारिस्थितिकी विज्ञानका विविध पक्षलाई कलात्मक ढङ्गमा प्रस्तुत गरेका छन्। काव्यमा पारिस्थितिकी विज्ञानलाई काव्यिक र दार्शनिक ढङ्गमा प्रस्तुत गर्ने लेखनाथ नै पहिलो कवि हुन्। 'तरुण तपसी'-को द्वितीय विश्रामको छैटौँ पङ्क्तिमा लेखनाथ लेख्छन्-

ठुला साना प्राणी चतुर विधिका सन्तति सब
सबैको साझा हो प्रकृति गुणको भोग्य-विभव
सबै हाँसून् खेलून् सरल रसिलो जीवन धरी
धरालाई पारी प्रणय-रसले देव-नगरी।।

कविले प्रकृतिमा सम्पूर्ण जीवको समान अधिकार रहेको बताएका छन्। प्रकृतिका साना मसिना सम्पूर्ण जीवसँग मानिस पनि सन्तुलित भएर रहोस् भन्ने कविको विचार देखिन्छ। प्रकृतिप्रति सचेत बन्दै लेखनाथले उक्त पङ्क्ति लेखेका हुन्। प्रकृतिमाथि भइरहेको शोषण र प्रदूषण एकदिन विस्फोट भएर निस्कने छ भन्ने कविलाई लाग्छ र उनी लेख्छन्-

सबै प्राणी बाँच्ने किसिमसित खानाहरू दिन

[23] श्रीमद्भागवत, सन् २०१६, प्रथम स्कन्द, तेस्रो अध्याय, ४७ औँ श्लोक, गीता प्रेस, गोरखपूर, पृ ३६

नसक्ने नै होलिन् धरणि जहिले वा जुन दिन।
तुरुन्तै फुट्नेछन् उस बखत कच्चा घट सरी
हजारौँ के लाखौँ किसिमसित धाँजा परि परि।।

(तरुण तपसी/९/१३)

मानिसको लोभ र असीमित इच्छाहरूले प्रकृति खोक्रो बन्दै गइरहेको छ। एक दिन यो अवश्य नै अन्त हुने देखेर कवि मानिसको असीमित इच्छा र उपभोक्तावादी जीवन शैलीदेखि चिन्तित भएका छन्। प्रकृति कुनै दिन माटाको घडाजस्तै टुक्रा टुक्रा भएर फुट्ने छ भन्ने कवि मान्छन्। प्रकृतिप्रतिको यस्तै चिन्तनले 'तरुण तपसी'-लाई परिवेश काव्यको रूपमा चिनाउँछ।

परिवेश कविहरू विश्वको सांस्कृतिक छविमा नयाँ अवकास खोज्दछन् अनि त्यहाँ आफ्नो 'हरित स्वर' ध्वनित गराउन चाहन्छन्। उनीहरू प्रकृतिका विविध समस्या, स्थान र घटनाहरूबारे बोल्छन् साथै भौतिक, सामाजिक, सांस्कृतिक पारिस्थितिकी पनि देखाउन चाहन्छन्। यसैकारण परिवेश काव्य अन्य काव्यहरूभन्दा भिन्न छ। यसले विश्व-प्रकृतिको नक्सा देखाउन चाहन्छ। अस्सी-नब्बेको दशकदेखि परिवेश काव्यको अध्ययनले आफ्नो सैद्धान्तिक रूप पाउन थालेको हो। 'परिवेश विमर्श' सांस्कृतिक अध्ययनको परिप्रेक्ष्यअन्तर्गत पर्छ। यसले साहित्यलाई गुणात्मक र उत्पादक बनाउने प्रयास गर्दछ साथै राष्ट्र राष्ट्रबिचको राजनीतिक तनाउ, कुटनैतिक तनाउ आदिलाई तोडेर केवल प्रकृतिको सुरक्षाप्रति चिन्तित हुने आग्रह गर्छ। परिवेश काव्य मानवहित र मानवताबारे लेखिँदैन भन्ने होइन। परिवेश काव्यले मानिसलाई प्रकृतिकेन्द्री बन्ने र प्रकृतिप्रति श्रद्धावान् बन्दै आफ्नो नैतिक जिम्मेवारी पालन गर्ने आग्रह गर्छ। परिवेश काव्यले प्रकृति सङ्कटको स्थायी समाधान हुनु पर्छ भन्ने मान्छ र मानिसलाई प्रकृतिको अस्थायी नागरिक मान्छ।[24]

परिवेश काव्य प्रकृतिलाई भाषासँग जोड्ने माध्यम हो। यसले एउटा हरित संसारको कल्पना गर्दछ। नेपाली साहित्यका कविहरूले पनि प्रकृतिको सङ्कटप्रति चिन्तित हुँदै प्रकृतिको कविता लेखेका छन्। लेखनाथ पौड्याल आध्यात्मिक र भौतिक दुवै विषयको सन्तुलनमा काव्य सिर्जना गर्छन्। उनले 'ऋतुविचार'-मा ऋतुको वर्णन गर्दा आध्यात्मिक र भौतिक चिन्तनकै आधार लिएका छन्। 'वसन्त विचार'-मा उनी लेख्छन्-

[24] http/www.revistaixvhel.org vol.2, 2010, downloaded 2018. 9:30 pm

पृथ्वी छन् सुगा-रङ्गी पिपिराहरूले गरी।

हरियो रेशमी सारी लायेकी प्रमदा सरी।। २५

वसन्त ऋतुमा प्रकृति पूर्ण रूपले हरियो भएको हुन्छ। यहाँ नयाँ मुनाहरूको हरियोलाई रेशमी सारीसँग तुलना गरिएको छ। प्रकृति जति भौतिक रूपमा हरियो छ उत्ति नै आध्यात्मिक रूपमा हरियो छ भन्ने 'हरित आध्यात्मिकता'-ले मान्छ।[25] प्रकृतिमा परिवर्तन, सन्तुलन, पोषण, सिर्जनाजस्ता शक्तिहरू वास्तवमा 'हरित शक्ति' हुन्। त्यसैले हरियोलाई सिर्जना र प्रगतिको सङ्केत मानिन्छ। 'वसन्त विचार'-को यस पंक्तिमा कविले प्रकृतिको भौतिक रूपमा देखाएका छन् जहाँ हरियाली र हरियो नै सर्वपरी छ। आध्यात्मिक दृष्टिकोणबाट यहाँ प्रकृतिको सृजन शक्तिको सङ्केत गरिएको छ। पृथ्वीलाई रङ्ग दिने विविध उपकरणहरू छन् जसले उसलाई उर्वरता शक्ति प्रदान गर्छ। यस पङ्क्तिमा परिवेश काव्यको गुण देखिन्छ। 'वसन्त विचार'-कै अर्को पङ्क्ति यस्तो छ-

प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ।

तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ।। २८

प्रकृतिमा विविध फुल, वनस्पतिहरू छन्। त्यसका रङ्ग, रूप, गुण र धर्म नै पनि अलग अलग छन् तर विभिन फुलहरूमा सौन्दर्य दिने शक्ति एउटै छ। त्यस शक्तिलाई नै प्रकृति भनिन्छ। प्रकृतिको प्रकार्यगत शक्तिले वनस्पति, प्राणीहरूमा सौन्दर्य प्रदान गर्दछ। प्रकृतिमा निहित विविधितालाई एउटा सन्तुलनमा राख्ने शक्ति नै वास्तवमा प्रकृति हो। लेखनाथ पौड्यालले 'ऋतुविचार'-मा प्रकृतिको सौन्दर्यलाई मात्र देखाएका छैनन्। उनले समाजलाई प्रकृतिको आध्यात्मिक स्वरूपको दर्शन गराएका छन्। परिवेश काव्यको गुण बोकेको अर्को पङ्क्ति 'वसन्त विचार'-मा नै पाइन्छ। कवि लेख्छन्-

पृथ्वीको दिव्य सौन्दर्य न अटाएर पट्ट भै

फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै? ।। ३२

कविले यहाँ वसन्त ऋतुमा माटोबाट निस्कने नयाँ पालुवाको चर्चा गरेका हुन्। कलाका दृष्टिले यो सौन्दर्यको उद्बोधन हो तर परिवेश चिन्तनले यसलाई जीवन शक्तिको रूपमा हेर्दछ। प्रकृति स्वयम् जीवन हो र यसले जीवनलाई नै पोषण गर्दछ। प्रकृतिले आफ्नो उर्वर शक्तिलाई विभिन्न रूप, आकार र प्रकारमा बाहिर प्रकट गर्दछ। पुष्पको रूपमा प्रकृतिको सौन्दर्य बाहिर निस्के झैँ मानिस पनि प्रकृतिबाट नै

[25] देवचन्द्र सुब्बा, सन् २०१७, साहित्यमा हरित आध्यात्मिकता, प्रवासन पत्रिका, वर्ष १ अङ्क २, कृष्ण बजगाईँ (सम्पा), समकालीन साहित्य प्रतिष्ठान, बेलायत, पृ १७

निस्किएको सुन्दरता हो। मानिस पनि प्रकृतिकै सौन्दर्य हो तर मानिसले छल, कपट, लोभ र विनाशकारी शक्ति र प्रवृत्ति धेर विकास गरेको हुँदा आफ्नो स्रोत नै नाश गर्नतिर लागिपरेको छ। मानिस हरित संस्कृतिको उपज हो। ऊ यस संस्कृतिदेखि टाढा गएर बाँच्न सक्तैन त्यसैले जोनाथन बार्थ लेख्छन् परिवेश काव्य हरित संस्कृतिको अध्ययन हो।[26] यसले प्रकृतिलाई आधार बनाएर प्रकृतिको वास्तविक चरित्र र गुणको संस्कारको अध्ययन गर्छ। परिवेश काव्यले कथनभन्दा धेर कार्यमा विश्वास राख्दछ। परिवेश काव्य व्याख्यात्मकभन्दा धेर प्रयोगात्मक विषय हो तर यो कविको अभिव्यक्तिसँग सम्बन्धित छ। कविको अभिव्यक्तिले पर्यावरण र मानिसबिचको सम्बन्धमाथि प्रकाश पारेको हुनु पर्छ।

नेपाली कविहरूले प्रकृतिप्रति सचेत बन्दै परिवेश कविताहरू सिर्जना गरेको तथ्य प्रमाणित छ। लेखनाथपछि मोहन कोइरालाले यसमा चासो देखाएका छन्। उनका कविताहरूले जीवनका जटिल विषयहरूलाई अभिव्यक्ति दिएको पाइन्छ यद्यपि उनका कविताहरूमा प्रकृति केन्द्रमा रहेको देखिन्छ। उनको 'ऋतु निमन्त्रण' कविता सङ्ग्रहसँगै 'गरलपान' शीर्षकको लामो कविता पनि प्रकाशित भएको छ। 'गरलपान' कवितामा पनि सृष्टिचक्रका कुराहरू छन्। 'गरलपान'-को पहिलो लहरमा नै उनी लेख्छन्-

थुप्रै पक्षीहरूले टाढा टाढाका स्वर बटुलेर, थुप्रै थुप्रै पक्षीहरूले
टाढाका रङ्ग बटुलेर
कविलाई भाँचेर आफ्नु चुच्चो दियो
कलाकारलाई भाँचेर आफ्नु प्वाँख दियो
(चरा त्यसपछि उड्न सकेन रुखबाट खसेर मऱ्यो)

कवि अनि कलाकारहरू प्रकृतिको धेरै नजिक हुन्छन्। उनीहरूले प्रकृतिको वाह्य र आन्तरिक संरचना बुझेका हुन्छन्। प्रकृतिलाई हेर्ने उनीहरूको दृष्टि सामान्य व्यक्तिको भन्दा फरक हुन्छ। उनीहरू प्रकृतिलाई कला-दर्शनको आँखाले हेर्छन्। कविलाई प्रकृतिले आफ्नो चुच्चोसरह कल्पना शक्ति दिएको छ, कलम दिएको छ। कलाकारलाई प्वाँखरूपी कुची दिएको छ, रङ्ग दिएको छ तर कविहरूले चरारूपी प्रकृतिको सुरक्षा गर्न सकिरहेका छैनन्। प्रकृतिको वास्तविक सङ्कटलाई कवि, कलाकारहरूले अभिव्यक्ति दिएका छैनन्। प्रकृति मर्न लागेको छ भन्ने यस कवितांशको आशय बुझिन्छ। 'गरलपान'-मा कविले प्रकृतिको

[26] दि टेम्परेचर, अङ्क १८, सन् २०१० www.tandfonilne.com, ०२.०४.२०१८, ०८:३० pm

सृष्टिक्रमबारे चर्चा गरेका छन्। यस कवितामा प्रकृतिको आरम्भ, विकास र पतनका कुराहरू कविले राखेका छन्। दोस्रो सृष्टिक्रममा कवि लेख्छन्-

केही पश्चात् चकचके मानवले चट्टान पल्टायो
ढुङ्गा टुक्र्यायो, अनि टुक्रा पारेको ढुङ्गा जोऱ्यो
वृक्ष रोप्यो, वृक्ष काट्यो,
नपुगेको स्थानमा पुग्न बाटो खन्यो
अघि पृथ्वीले निषेध गरेर राखेको बाकस पत्ता लगाउन
सबै सबै समुद्र पृथ्वी चट्टानमा खानतलास खानतलास भयो

'गरलपान'- परिवेश कविता हो। यस कविताले प्रकृतिको दार्शनिक रूपबारे चर्चा गरेको छ। त्यसका साथै यहाँ प्रकृतिको गहन चिन्तन गरिएको पाइन्छ। प्रकृतिको सङ्कटलाई स्थायी रूपले समाधान गर्नु हो भने सबैभन्दा पहिले मानिसले आफ्नो चेतनालाई शुद्ध पार्नु पर्छ। उसको चेतनालाई प्रकृतिमुखी, प्रकृतिकेन्द्री बनाउनु पर्छ। कवि कलाकारहरूले आफ्नो कलाद्वारा यस कार्यलाई अघि बढाउनु पर्छ। अहिले प्रकृतिको समस्या र जलवायु परिवर्तनका कुराहरू राजनीति र वैश्विक व्यापरसँग जोडेर हेर्ने गरिन्छ तर यो राजनीतिक विषयको चर्चा नभएर सम्पूर्ण प्रकृति र मानव अस्तित्वको विषय हो। यसबारे विश्व नै सचेत हुनु पर्छ। कविहरूले विश्वमा भइरहेका मानव अधिकारका विषयहरूबारे लेखिरहेका छन्। लोकसंस्कृति र सभ्यताबारे लेखिरहेका छन्। जीवन र मानिसबारे लेखिरहेका छन् तर प्रकृति र यसको सङ्कटबारे लेखेका छैनन्। कवि 'गरलपान'-मा लेख्छन्-

कविले नयाँ वाद्य लिएर गायो मानव समुदायका गीत,
कति खोजी गऱ्यो पृथ्वीको उपस्थिति पाउन सकेन
सृष्टि द्वितीय प्रहरमा छ, पृथ्वी कविताबाट पलायन छ,
कविता हृदयबाट टाढा भयो, अयथार्थ कविताभित्र
कल्पना आयो।

लेखनाथको 'तरुण तपसी'-पछि प्रकृतिबारे गहिरो चिन्तन गरेर लेखिएको कविता मोहन कोइरालाको 'गरलपान'- नै मान्न सकिन्छ। यसमा प्रकृतिको भौतिक र आध्यात्मिक पक्षको सन्तुलन पाइन्छ। प्रकृतिलाई हेर्ने कविको दृष्टिकोण हरित संस्कृतिमा आधारित छ। परिवेश काव्य प्रकृतिको इतिवृत्तमा

आधारित काव्य हो। 'गरलपान'-मा कविले प्रकृतिको इतिवृत्त प्रस्तुत गरेका छन्। मानिसको महत्वाकाङ्क्षी विचारधाराले प्रकृतिमा हुने क्षतिबारे कवि यसरी लेख्छन्-

मनुष्य कत्रो छ दिलको दरिद्र छ, मनुष्य कत्रो छ दिलको सानु छ,
महत्वाकाङ्क्षाको समुद्र मन्थन भयो, मन्दराचल राखियो समुद्रमा

अझै तल गएर कवि लेख्छन्-

समुद्र आफै मानवरूप लिएर मानवसँगै विन्ती गर्न लाग्यो
महत्वाकाङ्क्षी मानवको अभीप्सा विन्तिले मात्र कहाँ साम्य हुन्छ,
दुवैतिर समुद्र मन्थनको इच्छा प्रबल जोरले आक्रान्त छ
वाक्यहीन भयो पृथ्वी वाक्यहीन समुद्र छ।

मोहन कोइरालाको 'ऋतुनिमन्त्रण'-लाई पनि परिवेश काव्यको उदाहरण मान्न सकिन्छ। यसमा ऋतु वर्णनसँगै ऋतु परिवर्तन, ऋतुचक्र र त्यसले जीवनमा पार्ने प्रभाव, प्रकृति सङ्कटका कुराहरू राखिएका छन्। यस सङ्ग्रहमा कविले ऋतुहरूमा प्रकृतिका विविध रूप र प्रकृतिलाई भौतिक र आध्यात्मिक दृष्टिबाट परिचय गराउँदै प्रकृतिको गहन पारिस्थितिकीलाई कविले देखाएका छन् साथै गोचर प्रकृतिका विविधिता र यसमा देखिने सन्तुलन वास्तवमा प्रकृतिको गहन पारिस्थितिकीको विषय हो भन्ने उनले देखाएका छन्। यी सबै परिवेश काव्यका विशेषता हुन्। कवि 'ऋतुनिमन्त्रण'-मा लेख्छन्-

ऋतु अनुकूल भएन भने जीवन-क्रम अनुकूल बन्दैन
ऋतु अनुकूल छ भने जीवन-क्रम अनुकूल बन्छ,
यै ऋतु ज्ञान हो यै ऋतु अभ्यास हो यै ऋतु आगमन हो,

मानिसमा ऋतुको ज्ञान हुनु आवश्यक छ। वास्तवमा ऋतु नै समय हो। मानिसले समयलाई महत्त्व दिन्छ तर ऋतुबारे चिन्तन गर्दैन। मानिसको अनैतिक कार्यले प्रकृति आन्तरिक तहदेखि नै दुर्बल हुँदै गइरहेको छ। जलवायु र ऋतुहरूमा अस्वाभाविक परिवर्तन आइरहेको छ।

कवि लेख्छन्-

आफ्नै मन आउने आफ्नै खुसी गर्ने आफ्नै खुसी हिँड्ने भएकाले
विज्ञहरूले समयलाई ऋतु भनेका छन्
छ ऋतु अनुकूल भएन भने छ ऋतु विपरीत गए भने

मानव गरिमा रहँदैन।

मानिस प्रकृतिमाथि पूर्ण रूपले निर्भर छ। मानिसको शारीरिक र मानसिक विकासमा प्रकृति नै जिम्मेवार रहेको हुन्छ। मानिसले ऋतुचक्रअनुसार नै आफ्ना दैनिक कार्यहरू गर्छन् र त्यसलाई नै आफ्नो संस्कृति बनाउँछन्। मानिसले प्रकृतिबाट नै आफ्ना मूल्यहरू प्राप्त गर्छन् र नैतिक रूपमा विकास गर्छन्। परिवेश विमर्शले कविहरूले प्रकृतिको सुरक्षाका निम्ति आफ्नो विचार कसरी प्रस्तुत गरेका छन् त्यसको मूल्याङ्कन गर्छ।[27]

मोहन कोइरालाले 'ऋतुनिमन्त्रण'- मा प्रकृतिका विविध पक्षहरूबारे चर्चा गरेका छन्। ऋतुको माध्यमबाट प्रकृतिमा भइरहेको शोषण र प्रकृतिको उर्वर शक्ति क्षीण हुँदै गएको कारणहरू देखाएका छन्। त्यसैले यस काव्यलाई नेपाली परिवेश काव्य मान्न सकिन्छ। कविहरूले भन्नु पर्ने र देखाउनु पर्ने तथ्य र विषयहरूलाई सोझै भन्दैनन्। प्रतीक, बिम्ब वा व्यञ्जनाका रूपमा व्यक्त गर्छन्। यसमा कलाको आवश्यकता पर्दछ। कविता मूलतः कला हो र कलामा भावपूर्ण सौन्दर्य हुनुपर्छ। वैज्ञानिक तथ्यहरूलाई पनि कविहरूले कलात्मक ढङ्गमा प्रस्तुत गर्नुपर्छ। ती तथ्यहरूलाई मूल रूपमा नै व्याख्या गरिए त्यहाँ साहित्य हुँदैन। त्यसैले 'ऋतु निमन्त्रण' कविता सङ्ग्रहमा पनि मोहन कोइरालाले प्रकृतिका वाह्य अनि आन्तरिक दुवै स्थितिको वर्णन गरेका छन्। कवितामा तथ्यहरू दार्शनिक र प्रतीकका आधारमा प्रस्तुत गरिएका छन्।

मोहन कोइरालाले यस सङ्ग्रहमा पारिस्थितिकीको वर्णन गरेका छन्। सतही पारिस्थितिकी र गहन पारिस्थितिकीका उदाहरणहरू यस सङ्ग्रहमा पाइन्छन्। प्रकृति सन्तुलित हुनुको मुख्य कारण नै यसको पारिस्थितिकी हो। पारिस्थितिकीमा असन्तुलन छ भने प्रकृतिको मूल कार्यमा नै गडबडी आउँछ जसको प्रभाव प्रत्यक्ष रूपमा मानव जीवनलाई पनि पर्छ। कवि लेख्छन्-

ऋतुको चक्रभित्र सम्पन्नता विपन्नता गाँसिन जान्छ,
ऋतु विपरीत सभ्यता एकछिन टिकाउन सकिँदैन
मानिसको पूर्ण धरातल ऋतु हो, ऋतु विपरीत जान दिनु हुन्न कालहरू
नत्र उपलब्धि भस्म हुन सक्छ, सभ्यता भस्म हुनु सक्छ

---

[27] रिचर्ड कार्डिज, सन् २००६, इनभान्मेन्टलिजम एन्ड इकोक्रिटिसिज्म, पेट्रिसिया वा (सम्पा), लिटेरेरी थ्योरी एन्ड क्रिटिसिज्म, अक्सफोर्ड युनिभर्सिटी प्रेस, न्यू योर्क, पृ ५३०

ऋतुहरू चम्किँदै खेल्दै गरून् हाम्रै ओरिपरी भ्रमण गरून्

नेपाली साहित्यमा पनि प्रकृति चिन्तनका गम्भीर काव्यहरू सिर्जना भएको पाइन्छ। परिवेश काव्यको चिन्तन र धारणा सुरु हुनु भन्दा अघि नै नेपालीमा यस्ता कविताहरू सिर्जना भइसकेको देखिन्छ।

लक्ष्मीप्रसाद देवकोटाका कविता, गद्य र सबै लेखन प्रकृतिको नजिक रहेका पाइन्छन्। उनलाई प्रकृतिका कवि भन्न सकिन्छ। देवकोटाले प्रकृतिको सौन्दर्यलाई कविता बनाए। प्रकृतिको नजिक गएर संवाद गरे। प्रकृतिमा जीवन र जीवन दर्शन देखे। उनी प्रकृतिमा कविता उमार्न चाहन्थे। त्यसैले उनका कविताहरूमा प्रकृतिको सुगन्ध पाइन्छ। कुमारबहादुर जोशी लेख्छन्, 'प्रकृति के हो त? मानिसले बनाएका र उसका हातले सजाएका-सम्हालेका वस्तुहरू अर्थात् कृत्रिम कुराहरूबाहेक यो सम्पूर्ण चराचर सृष्टि प्रकृति हो। त्यसो हुनाले नै वनस्पति, किराफट्याङ्ग्रा, पशुपन्छी, तथा जीवजन्तुहरूको अध्ययनलाई हामी प्रकृतिको अध्ययन भन्दछौँ भने पहाड, नदी, समुद्र, आकाश, चन्द्र, सूर्य, मेघ, हावा प्रभृतिको पूजालाई हामी प्रकृति पूजा भन्ने गर्छौँ यसै गरी वसन्त ऋतुलाई हामी प्रकृतिको सबैभन्दा श्रेष्ठ मौसम मान्दछौँ भने प्रकृतिमा आत्मीयता स्थापित गर्दै त्यसको अमर गायन गर्ने कालिदास, वर्डस्वर्थ, रवीन्द्रनाथ तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्ता कविलाई हामी 'प्रकृति कवि भन्ने गर्छौँ'।[28]

देवकोटा प्रकृतिको आन्तरिक शक्तिबारे पूर्ण रूपले परिचित थिए। उनलाई प्रकृतिको सम्पूर्ण ज्ञान थियो तर प्रकृतिलाई हेर्ने उनको दृष्टि सौन्दर्यवादी थियो यद्यपि उनका कतिपय कविताहरूमा प्रकृतिको सङ्कट र पारिस्थितिकीबारे गम्भीर रूपमा चर्चा गरिएको पाइन्छ। देवकोटाका कविताहरूमा प्रकृति सङ्कटको चिन्तनभन्दा प्रकृतिको महिमा गान देखिन्छ। उनको प्रसिद्ध कृति 'मुनामदन'-मा प्रकृतिलाई प्रेम गर्ने र उसको प्रेमी बन्ने कुरा यसरी राख्छन्-

गुलाबालाई देखेर राम्रो हे भाइ ! नछुनू
लोभले हेऱ्यो मोहनी गयो, जङ्गली नहुनू
सिर्जनाभित्र रचना राम्रा नजरका जुहार
ईश्वरको हाँसो पाएका फूल छोएर नमार

यस पद्यांशमा प्रकृति ईश्वरको सिर्जना हो भन्ने कविले मानेका छन्। यति मात्र नभएर त्यसको विनाश नगर्ने उनको दर्शन देखिन्छ। उनले प्रकृतिको सौन्दर्यमा लोभ नगर्नु र जङ्गली नहुनु भन्ने विचार राखेका छन्।

[28] कुमारबहादुर जोशी, सन् १९९६, देवकोटाका कविता कृतिमा प्रकृति, सरस्वती प्रकाशन, काठमाडौँ, पृ४-३

यसको तात्पर्य प्रकृतिको विनाश नगर्नु भन्ने हो। यो उनको प्रकृतिप्रतिको प्रेम हो तर यस कथनले प्रकृतिको शोषण गर्ने उपभोक्तावादी मानसिकतालाई सचेत गराएको छ। त्यसैले लक्ष्मीप्रसाद देवकोटाले प्रकृतिको वर्णन सौन्दर्यवादी दृष्टिकोणले गरे तापनि त्यसमा प्रकृति चिन्तनका कुराहरू नआएका होइनन्। उनका कविताहरूको प्रतीयमान अर्थ प्रकृतिको चिन्तन नै हो भन्ने बुझिन्छ।

देवकोटाले आफ्नो 'पानी' कवितामा पानीलाई स्त्रीको रूपमा तुलना गर्दै पानी र स्त्री दुवैको महत्त्वबारे चर्चा गरेका छन्। पानीको सौन्दर्य र यसको उपकारबारे कवि लेख्छन्-

पृथिवी परिथिन् विविध कटौरा
पक्रन, पहिलो वर्षणमा
देश देशका सिमाना सब,
निला, लगायौ तिमीले रानी!
प्रथम प्रलयको घर्षणमा!
पर्वतबाट खेल्यौ सुरेली
बेल्यौ बनायौ गर्त, दरी!
पृथ्वीको यो अनुहार बनायौ
शिल्पवरी!
समतल, अवतल, उत्तल सुन्दर!
आरोहण औ अवरोहणको
सङ्गीत सरी !

यस कवितामा पानी जीवन हो र यसले नै प्रकृतिमा जीवन प्रदान गर्छ भन्ने विचारको अभिव्यक्ति भएको छ। उनको अर्को कविता 'मानिस विराट्'-मा मानिसको वास्तविक रूप देखाइएको छ। मानिस प्रकृतिको अंश हो भन्ने यस कविताले बताएको छ। कवि लेख्छन्-

कोरा मानिस, हिउँको थुप्रो!
खाडी-बाढी!
मानव-पदार्थ सब-माटो, हावा
अग्नी अनादि!

विकृत मानिस, सर्प, भ्यागुता

गोही, डाँस!

धूँधा, गधा!

या सिस्नो, बाँस!

मानिस एउटा बनिरहेछ

'सोऽहं, सोऽहं!' भनिरहेछ।

यस कवितामा कविले मानिसको संरचना र उसको मूल अस्तित्वको सङ्केत गरेका छन्। प्रकृति नै मानिसको मूल प्रवृत्ति र प्रकृति नै मानिसको संरचनाको कारक हो भन्ने विचार प्रकट गरेका छन्। देवकोटाले यस कवितामा 'मानव-पदार्थ' शब्दको प्रयोग गरेर मानिस प्रकृतिको अंश हो भन्ने स्पष्ट बताएका छन्। यति मात्र नभएर यस पदले मानिसको मूल प्रवृत्तिको सङ्केत पनि गरेको छ। अर्को पद्यांशमा कवि लेख्छन्-

बहिनी रेणु! दाज्यू हिमाल !

हामी उसका जीवकणी हुँ!

एउटै मानिस सबमा दुगुर्छ,

प्रति चेष्टाले उसका, हामी

एक एकमा एक अनन्त,

अखिल धनी हुँ!

प्रकृति करोडौँ अणुहरूले बनिएको छ। त्यही अणुहरूका कणद्वारा मानिस पनि बनिएको छ भन्ने विचार यहाँ देखिन्छ। तसर्थ, मानिसले निरन्तर चेष्ट गरिरहे मात्र प्रकृतिको अनन्तलाई केही अंशसम्म बुझ्न सक्छ। देवकोटाको अर्को कविता 'गौँथली र देवकोटा'-मा कविले आफैँलाई गौँथलीको पूरक मानेका छन्। यसको तात्पर्य प्रकृति र मानिस एउटै हो भन्ने बुझिन्छ। कविले गौँथलीको प्रतीक लिएर उपभोक्तावादी समाजलाई प्रकृतिको महत्त्वबारे बताउन खोजेका छन्। उनी लेख्छन्-

गौँथली र देवकोटाको

एउटै गुँड छ ! एउटै गुण छ !

यस घाटमा क्या बाघ र पाठो पानी पिउँछ

प्रकृति बसेर, दुइटैको दिल,

एक धागोमा सिउँछ, सिउँछ !

नेपाली समालोचकहरूले देवकोटालाई सौन्दर्यका पूजारी, प्रकृति प्रेमी, प्रकृति कवि, स्वच्छन्दतावादी, रुमानी कवि आदि विशेषणहरूद्वारा सम्बोधन गरेका छन्। तर उनका कविताहरूको गहन अध्ययनले उनी प्रकृतिको सौन्दर्यका पूजारी मात्र थिएनन् उनी प्रकृति चिन्तक पनि थिए भन्ने बुझिन्छ। प्रकृतिप्रति उनको चासो केवल सौन्दर्यले गर्दा थिएन। देवकोटा प्रकृतिको आन्तरिक व्यवस्थाबारे जान्दथे र यसको मानव जीवनमा कस्तो महत्त्व छ त्यो बुझ्दथे। उनका कवितामा रोम्यान्टिककालीन कविहरूले पारिस्थितिकीलाई जसरी हेर्ने गर्थे त्यसैको प्रभाव पाइन्छ तर त्यसमा लुकेका दर्शनहरूले परिवेश काव्यप्रति सङ्केत गर्छ। उनको 'ज्यापू' कवितामा पनि यसको सङ्केत देखिन्छ। कवि लेख्छन्-

छाती चिरीकन पृथिवीको दूध

चुस्छन् मानिस,

दुहुने मै हुँ।

धूप झरीमा आत्मा परिशुद्ध

बर्खा यी तीन बीस

नहुँदो भौँ हुँ!

देवकोटाका कवितामा पाइने विरोध र आक्रोशहरू पनि प्रकृतिकै सङ्केतमा आधारित छन्। उनका 'वसन्त', 'वर्षा', 'ज्वरशमना प्रकृति', 'बादलको स्वागत्' र 'सिस्नाको गुनासो'-जस्ता कविताहरूमा प्रकृति चिन्तनका सङ्केतहरू पाइन्छन्। देवकोटाका यी कविताहरूलाई पनि परिवेश कविता भन्न सकिन्छ।

लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचन, मोहन कोइराला आदि कविहरूले प्रकृति विषयका कविताहरू लेख्दा नेपाली साहित्यमा परिवेश काव्यको धारणा आइसकेको थिएन। उनीहरूले स्वयम्को ज्ञान र अनुभवको आधारमा प्रकृति विषयका कविताहरू लेखे। उनीहरूलाई प्रकृतिको महत्त्वबारे ज्ञान थियो। मूलतः नेपाली समाज र संस्कृति प्रकृतिको नजिक रहेको छ साथै प्रकृतिकेन्द्री पनि छ। त्यसैले कविहरूले प्रकृतिको ज्ञान लोकबाट नै आर्जन गरेका थिए। पर्यावरण संरक्षण र प्रकृतिको सुरक्षाका लागि उनीहरूले पर्यावरणवादका पुस्तकहरू पढ्नु परेन। सामाजिक र संस्कारगत

ज्ञानद्वारा नै प्रकृतिको मूल्य बुझ्न सक्ने उनीहरूमा प्रतिभा थियो भन्ने उनीहरूका कविताबाट बुझ्न सकिन्छ। त्यसैले यी कविहरूले आफ्ना कविताहरूमा प्रकृतिलाई धेरै नजिकबाट हेरेका छन् साथै प्रकृतिको सौन्दर्य वर्णनसँगै यसको मूल्यको पनि चिन्तन गरिएको छ।

समकालीन कविताहरूमा अतीतका लोक जीवन, खेत, पहाड, नदी, पशु-पक्षी, झार-जङ्गल आदि नष्ट भएको पीडा पाइन्छ। सत्तरको दशकदेखि यताका कवितामा प्रकृतिबारे सचेत रूपले चिन्तन गरेर लेखिएका पाइन्छन्।

समकालीन नेपाली कवितामा कविहरूले यी सबै विषयहरूलाई गम्भीरतापूर्वक प्रस्तुत गरेका छन्। प्रकृतिको सुरक्षाका लागि कविहरू हरित चिन्तन लिएर अघि बढेका छन्। हरित चिन्तनका आधारमा लेखिएका कविताहरू नै परिवेश कविता हुन्। नेपाली साहित्यमा सवाई लहरीदेखि लिएर आधुनिक कविताको युगसम्म प्रकृति कविताको विषय बनेको छ। तर प्रकृतिप्रति सचेत भएर, यसको सुरक्षा अनि महत्त्व बुझेर कविता लेखिएको धेर भएको छैन।

भारतीय नेपाली समाजले सुरुदेखि नै उपनिवेश र आन्तरिक उपनिवेशको मर्का सहनु परेको हुनाले भारतबाट प्रकृति विषयका कविताहरू भन्दा धेरै जाति प्रेम, माटो प्रेम, परिचयको सङ्कट र आन्तरिक उपनिवेशको मर्काका विषयका कविताहरू लेखिए। तथापि, भारतीय नेपाली कविताको परम्परामा प्रकृति सुरक्षा र पर्यावरण संरक्षणका कविताहरू पनि उति नै लेखिएको पाइन्छ। अगमसिंह गिरी स्वच्छन्दतावादी धाराका कवि थिए। उनले जातीय अस्मिताका कविताहरूसँगै प्रकृति विषयका कविताहरू पनि लेखेका छन्। सन् १९५९ तिर प्रकाशित उनको 'आत्म-व्यथा' कविता सङ्ग्रहमा 'झरेको फूल', 'वसन्त आएपछि' 'कुइरो लाग्यो', 'व्याकुल पक्षी', 'बादलसँग' कविताहरू प्रकृति विषयका छन्। 'वसन्त आएपछि' कवितामा उनी लेख्छन्-

हरियाली जब आउला घनबनै धरती सजाइकन
तिम्रै आँगन आउँला बनभरी खोज्दै म आफ्नोपन
खोजूँला वनमा वसन्त-रमिता नौलाख तारा मनी
सोधूँला वन फूल बोल अघिको फर्क्यो कि बेला भनी।

सन् १९६० मा प्रकाशित 'जीवन-गीत' कविता सङ्ग्रहमा पनि गिरीले प्रकृतिका कविताहरू राखेका छन्। यस सङ्ग्रहमा 'जीवन-वनको फूलसँग', 'पक्षी', 'प्रणय' आदि कविताहरू प्रकृतिकेन्द्री कविता छन्।

अगमसिंह गिरी आफ्नो जातिको दुख र सङ्घर्षपूर्ण जीवन देखेर दुखी भइरहने कवि थिए। उनका कवितामा जातीय उन्मुक्तिका कुराहरू धेर छन् तर उनका कतिपय कविताहरू प्रकृति केन्द्रित पनि छन्। 'जलेको प्रतिबिम्ब रोएको प्रतिध्वनि'- कविता सङ्ग्रहमा परेको 'वसन्ती प्रभात' कवितामा प्रकृतिको सत्यबारे सङ्केत गरिएको छ। कवि लेख्छन्-

वन-प्राङ्गणमा कोपिलाउन थालेका यी फूलहरू
हामीलाई पनि फूल्ने फल्ने
प्राकृतिक सत्यको एक रहस्य-उद्घाटन गरिरहेछ
विस्तृत हरियालीको यो प्रथम सौरभले
जीवन-सुरभिको कुनै मूक सत्य खोल्न-खोल्न लागिरहेछ

प्रकृतिले मानव जीवनलाई भौतिक सत्यको ज्ञान गराइरहेको हुन्छ भन्ने तथ्य कविले बुझेका छन् तथापि प्रकृतिलाई केन्द्र गरेर गिरीले केही कविता लेखे तापनि उनका कविता मूलतः जातीय अस्मिताको प्रश्नमा नै केन्द्रित रहेका पाइन्छन्।

सन् १९८३-मा लक्खीदेवी सुन्दासको सम्पादनमा प्रकाशित 'सम्मेलन कविता सङ्ग्रह'-मा पनि प्रकृति विषयका धेरैवटा कविताहरू परेका छन्। शिवकुमार राईको 'जब बसन्त परी विहार गर्छ' कवितामा ऋतुको आगमनले पारिस्थितिकीमा कुन कुन कुरो परिवर्तन हुन्छ भन्ने सङ्केत देखिन्छ। कवि लेख्छन्-

जब सन्ध्या समिरको प्वाँखमा चढी
वसन्त परी विहार गर्छ
तब तम्बुर, अरुणमा हरियो लेउको
मखमली पर्दा लाग्छ
काइ परेको गहकिलो कुरमा
माछाको महल जाग्छ
असला र बुदुना उफ्री उफ्री
छम छम छुनुनु नाँच्छ
त्यो दृश्य देखी माछाकी रानी

खित खित खितिति हाँस्छे।

'सम्मेलन कविता सङ्ग्रह'- भित्र थुप्रै प्रकृति विषयका कविताहरू राखिएका छन् तर त्यसमा सबै कविताहरू प्रकृतिकेन्द्रित भने छैनन्। पुष्पलाल उपाध्यायको 'वसन्त', तुलसी 'अपतन'-को 'हर्षित पुष्प', हायमनदास राई 'किरात'-को 'एक टुक्रा भुइँ', आर पी लामाको 'वसन्त आयो', आरती राईको 'बैसाखी बेला', जस योञ्जन 'प्यासी'-को 'अब जङ्गलमा होइन यही शहरमा शिकार खेल्नु पर्छ', टेकध्वज जिम्बा 'आशा'-को 'यो फोहोर सहर', राजेन्द्र भण्डारीको 'बाला निहुरन्छन्', दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र'-को 'आँपको रुख र म', आदि कविताहरूमा प्रकृतिलाई केन्द्र बनाइएको पाइन्छ। टेकध्वज जिम्बा 'आशा' आफ्नो कविता 'यो फोहोर शहर'- मा लेख्छन्-

अब त महाकाल बाबाले पनि
तीन नेत्र बन्द गरिसकेको हुनु पर्छ
नाक दुर्गन्धले थुनिसकेको हुनु पर्छ
उफ! यो शहरमा
प्रत्येक दिन फोहोर हावा बग्न थालेको छ
कञ्चनजङ्घाको चिसो, चोखो हावा
यो शहरमा प्रवेश गरेपछि
सधैँ मैला भएर जान्छ
यसैले, हिजाज प्रत्येक आगन्तुक
प्रत्येक मान्छे
सडकका किनारमा फोहोर देखेर
नाक बन्द गरेर हिँड्छन्
मुख बिगारेर हिँड्छन्
मानो यो कुनै फोहोर शहर हो।

यस कवितामा सहरको वास्तविक चित्रण गरिएको छ। गाउँ-घरभन्दा सहरमा प्रदूषण धेर हुन्छ किनभने त्यहाँ जनसङ्ख्या धेर हुन्छ साथै गाडी-घोडा, कारखाना आदि धेर हुन्छन्। अर्को कुरो गाउँ-घरतिर ठुला ठुला उद्योगधन्दाका मलिकावर्ग पसेर सोझा-सिधा किसानहरूका खेतीका जमिनहरू पैसा दिएर किन्छन्

जसमा सरकारले पनि साथ दिइरहेको हुन्छ। किसानहरूले आफ्नो मेहनतको सटीक मूल्य नपाउँदा जमिन बिक्री गर्नु नै उपयुक्त ठान्छन्। यसले गर्दा उनीहरूको जीवन धान्ने साधन हुँदैन र सहरतिर पसेर साना मिसाना काम गर्न बाध्य बन्छन्। गाउँ घरमा अहिले दवाई, विद्युत आदिका ठुला ठुला कारखानाले भरिएर गएको देखिन्छ जसका कारणले स्वच्छ गाउँको परिवेश पनि पुनः प्रदूषित हुँदै गइरहको छ। कविले यही समस्या आफ्नो कवितामा लेखेका छन्। उनी लेख्छन्-

ए जङ्गल जान तम्सेका सिकारी दाइ
मृग मारेर तिमीलाई कति छाक तिहुन टर्छ?
जरायो मारेर त्यसको सिङ्गले
तिम्रो घरको बैठक कोठा कति सिङ्गारिन्छ?
सायद भालू र बाघ मारेको कुरा गरेर धाक लगाउलौ
तर त्यो तिम्रो कुनै विजय होइन,
मान्छेले पशु मार्नुमा कुनै ठुलो वीरता छैन
चेतनले अचेतनको हत्या गर्नु कुनै महान कुरा होइन,
बन्दुकको सहायताले लुकी लुकी सिंह नै मारे पनि
त्यो कुनै ऐतिहासिक उपलब्धि होइन।

जय योञ्जन 'प्यासी'-को यो कविता विषयगत रूपले प्रकृतिपरक भए तापनि यसमा सामाजिक समस्याको चित्रण बढी पाइन्छ।

परिवेश काव्यको अवधारणा साहित्यमा आउन अघि नै प्रकृति संरक्षणका कविताहरू लेखिन थालेको पाइन्छ। नेपाली साहित्यमा यस किसिमका कविताहरू सिर्जना भएका छन्। लोक कवितादेखि लिएर आधुनिक कवितासम्ममा प्रकृति चिन्तनका विचारधाराहरू नेपाली कविहरूमा देखिन्छ। भैरव अर्याल आफ्नो पुस्तक 'नेपाली काव्यमा प्रकृति'-मा लेख्छन् 'नेपाली काव्य-प्रवाह संस्कृत काव्य, अङ्ग्रेजी काव्य वा हिन्दी काव्यहरूको इतिहासको तुलनमा निकै छोटो छ। प्राथमिक कालका नेपाली कविहरूलाई प्रकृतिको सौन्दर्यभन्दा जातीय शौर्यले प्रभावित पारेको छ र परमेश्वरीय भक्ति-भावले प्रेरित गरेको छ। तैपनि कतिपय कविहरूले प्रकृतिको रूपात्मक सौन्दर्यको बखान गर्न मुसुक्क बिर्सेका चाहिँ छैनन्। यसै पुस्तकको अध्याय ७-मा प्राथमिककालीन कविहरूको प्रकृति स्पर्शबारे विहङ्गावलोकन

गरिएको छ। भानुभक्तले लङ्काको वर्णनमा आफ्नो प्रकृति-सौन्दर्यग्राही-मानसको राम्रो परिचय दिएका छन्। माध्यमिक कालका कविहरूमा यी छिटाहरू फाटफुट रूपमा देखिन्छन् र लेखनाथको 'ऋतुविचार'-मा आएर नेपाली काव्यले प्रकृतिको लगनगाँठो समात्छ। नेपाली काव्य-कृतिहरूमा प्रकृतिको स्पर्श, प्रवेश र आरोह-अवरोहको विवेचनात्मक सिंहावलोकन हामी यसै पुस्तकको दोस्रो खण्डमा गर्दै जानेछौँ।'[29] भैरव अर्यालको विचारअनुसार नेपाली कवितामा प्राथमिक कालदेखि नै प्रकृति केन्द्र थियो। माध्यमिक र आधुनिक कालमा यो अझ नयाँ रूपमा प्रयोग हुँदै गयो। तसर्थ नेपाली काव्यमा प्रकृतिको स्थान महत्त्वपूर्ण छ।

नेपालबाट प्रकाशित हुने 'रूपरेखा'-मा पनि प्रकृति विषयका धेरै कविताहरू प्रकाशित भएका छन्। नेपाली कवितामा प्रकृतिको चित्रण सुरुदेखि नै हुन थालेको हो। यस पत्रिकामा पनि प्रकृतिकै सुरक्षालाई केन्द्र गरेर कविताहरू सत्तरको दशकदेखि यता लेखिन थाले पाइन्छ। 'रूपरेखा' वर्ष २३ अङ्क २ पूर्णाङ्क २५४ सन् १९८२-को अङ्कमा विमल निभाको 'वसन्त'-नामक कविता प्रकाशित छ। यस कवितमा प्रदूषणले गर्दा ऋतुहरूमा आएको परिवर्तनबारे लेखिएको छ। वसन्त भनेर जुन विम्ब हाम्रो मस्तिष्कमा छ त्यो विम्ब यस कवितामा पाइँदैन। वसन्त यहाँ उजाड बनेको छ, प्रदूषित बनेको छ। कवि लेख्छन्-

यहाँ
रुखहरूका मुख बन्द गराइएको छ
र हावा भूमिगत छ
यहाँ
पुतलीहरूका प्वाँखको नाउँमा
वारन्ट छ
र फूलहरूका सौन्दर्य गैरकानूनी
साबित भइसकेको छ
यहाँ
शीतको थोपाको चमक

[29] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ, पृ४३-४४

खतरनाक ठहर भएको छ

र सुगन्धका लागि हत्कडी तयार छ।

प्रदूषणका कारणले गर्दा ऋतुअनुसार मौसम रहँदैन। वसन्त ऋतुमा पहिलेजस्ता फुलहरू फुल्न छाडिसकेको छ। दसैँ तिहारमा फुल्ने सयपत्रीहरू आजभन्दा दुई दशकअघि जसरी फुल्थे उसरी फुल्न छाडिसकेका छन्। यस्तै चिन्ताले व्यग्र बनेर यस कवितामा कविले आफ्नो अभिव्यक्ति दिएका छन् साथै प्रदूषणले पक्रिएको ऋतुबारे कवि यसरी आफ्नो भाव व्यक्त गर्छन्।

एक्लो, उदास र चुपचाप

तिमी कुन मौसमको

प्रतीक्षा गरिरहेको छौ कवि

वसन्तलाई त

छापा मारेर

हिजो राति नै

यहाँ

गिरफ्तार गरिसकिएको छ।

'रूपरेखा'-को यही अङ्कमा गोविन्द गिरी 'प्रेरणा'-को 'उज्यालो खोजिरहेछु' कविता प्रकाशित भएको पाइन्छ। उनले यस कवितामा सहर बढ्दो जनसङ्ख्या र अट्टालिकाहरूले भरिँदै गएको देखेर संसार अँध्यारोतिर गइरहेको अनुभव गरेका छन्। उनी लेख्छन्-

सहरभरि सयौँ बाटाहरू छन्

जुनै बाटो हिड्दा पनि म यो सहरबाट

फुत्किन सकेको छैन

म भुल भुलैयामा परेको छु

सहरभरि गगनचुम्बी भवनका ढोकाहरू

बन्द छन्

र आग्लो लागेका छन्

झ्यालहरू बन्द छन्

र पर्दा टाँगिएका छन्

म नाङ्गो सडकमाथि भौँतारिदै छु।

नेपाली साहित्य सम्मेलन दार्जिलिङको मुखपत्र 'दियालो'-मा पनि प्रकृति चिन्तनका थुप्रै कविताहरू प्रकाशित भएका पाइन्छन्। नेपाली कविहरूले प्रकृतिको सौन्दर्य मात्र कवितामा वर्णन गरेनन्। उनीहरूले प्रकृतिको चिन्तन गर्नका साथै प्रकृतिको सङ्कटबारे पनि आफ्नो अनुभूति व्यक्त गरे। 'दियालो' हाँगो ६६ वर्ष १३ सन् १९७३-को अङ्कमा नरबहादुर राईका तीनवटा ससाना कविताहरू प्रकाशित छन्। यीमध्ये एउटा 'पृथिवी' शीर्षकको कविता प्रकृतिकेन्द्री छ। कवि लेख्छन्-

ब्रह्माण्डको एउटा सस्तो रूप

यो पृथिवी

शोक, विरह, ईर्ष्या र धम्काइभित्र

कजिएको यो

कालो र सेतो पोतिएको यो

एउटा भकुण्डो

एउटा ग्लोब

यो पृथिवी !

प्रकृतिप्रति तुच्छ विचार प्रकट गरेको यो कविता वास्तवमा विश्वको दृष्टिकोण हो। कविले विश्वले प्रकृतिलाई कसरी हेर्दैछ भन्ने विचार यो सानो कवितामा राखेका छन्। एउटा सानो ग्लोब मात्र सोचेर प्रकृतिको शोषण गर्ने उपभोक्तावादीहरूको यो दृष्टिकोण यहाँ देखिन्छ।

असमबाट प्रकाशित हुने 'हाम्रो ध्वनि' पत्रिकाको वर्ष १२ अङ्क २ पूर्णाङ्क ८८ सन् १९८८ – को अङ्कमा वासुदेव त्रिपाठीको 'शरद्प्रति' कविता प्रकाशित भएको पाइन्छ। यस कवितामा पनि कविको प्रकृति चिन्तन देखिन्छ। कवि लेख्छन्-

अहो सघन सौन्दर्य सरोवर शरद् तिमी

मेरा इच्छाहरूभन्दा असीम सुन्दरी तिमी

म समग्र तिमीलाई कसरी दृगमा भरूँ

म अशेष तिमीलाई कसरी दृगमा गरूँ।

शरद्! तिम्रा सफा स्वच्छ ओभाना वनकुञ्ज छन्

लुकामारी जहाँ खेली वन-बाला प्रसन्न छन्

वनस्थली भरी गुँज्छन् चरीका चिर्बिरीहरू

शरद्! म पनि गाऊँ कि तिम्रा चारुऋचाहरू।

भूटानमा जन्मेका तर नेपाललाई आफ्नो कर्म थलो बनाएका कवि डिल्लीराम शर्मा (आचार्य)-को 'वसन्त महाकाव्य' सन् २००३ मा प्रकाशित भएको देखिन्छ। लेखनाथ पौड्यालको लेखनशैलीलाई पछ्याएको यो महाकाव्य प्रकृतिका विविध प्रकार्यहरूको वर्णनमा केन्द्रित देखिन्छ। विश्वमा हात-हतियाहरूले त्रास मचाइरहेको र तिनको परीक्षणले गर्दा वातावरण प्रदूषित भइरहेको कुरा कविले लेखेका छन्। यसका लागि मानिसका अनैतिक कार्यहरू नै जिम्मेवार छन् भन्ने कविको विचार देखिन्छ। कवि लेख्छन्-

लियो हातमा विश्व प्रकृति पनि छक्क सर भयो

अहो! चोखो आत्मा पुरुष अघिको तुच्छ बनियो

प्रतिस्पर्धा बढ्दै पछि त परमाणु विष भरी

फुटे बमका गोला निरिह हृदय चर्चर चिरी।।

जतै राफले ताती विकिरण तिखो ज्योति छरदै

मरे तड्पी तड्पी नरसमर दोस्रो अघि हुँदै

बस्तैन्थ्यो अल्पायो, प्रदूषण बढी दूषित भयो

बने गाँडा गर्चा शिशुहरू अपाङ्ग विष भिज्यो।

यस महाकव्यमा ऋतुको वर्णनभन्दा प्रकृतिको सङ्कटबारे धेर लेखिएको छ। नीतिपरक काव्य भए तापनि यसमा कवि प्रकृतिको सङ्कटबारे सचेत भएका छन्।

उनी लेख्छन्-

थियो तामस् ठुलो निरिह विचरा मानव ढले

जुझे साँढे गर्जी, शिथिल पृथिवी भो कति डडे

तमासाले गर्जी प्रकृति उपरै बज्र पर्दा

भयो कस्तो क्षति प्रतिदिन अणूअस्त्र झरदा।

नेपाली कविता विविध विषयका छन् यद्यपि तिनमा प्रकृति प्रमुख छ। प्रकृतिपरक कविताहरू पनि विविध प्रकारका छन्। यसलाई यसरी हेर्न सकिन्छ-



रेखा चित्र २

प्रकृति चिन्तनका कविताहरूलाई नै परिवेश कविता भनिन्छ। भारतीय नेपाली साहित्यमा पनि सवाई-लहरी लेखन कालदेखि नै प्रकृति केन्द्रित साहित्यको सिर्जना हुँदै आएको थाहा लाग्दछ। कविहरूले विविध विषयका कविताहरू सिर्जना गरे तापनि प्रकृतिदेखि टाढा रहेर सिर्जना गरेनन्। त्यसैले बढ्दो जनसङ्ख्या, जलवायु परिवर्तन, प्रदूषण आदिका कविताहरू सिर्जना गरेर समाजलाई प्रकृतिप्रति सचेत हुने आग्रह कविहरूले गरिरहेको देखिन्छ।

प्रकृतिलाई केन्द्र गरेर कविता सिर्जना गर्ने भारतीय नेपाली कविहरू मध्ये मनप्रसाद सुब्बा एकजना हुन्। उनले आफ्ना कवितामा प्रकृति र मानिसको आदिम पाशविकताबारे लेखेका छन्। मानिसको आदिम पाशविकता भन्नाले मानिसको नैसर्गिक प्रवृत्ति बुझिन्छ जुन प्रकृतिद्वारा नै प्राप्त हुने विषय हो। त्यसैले मनप्रसाद सुब्बाका कविताहरू प्रकृतिकेन्द्रित कविताहरू छन्। उनको 'आदिम बस्ती' कविता सङ्ग्रहदेखि 'भुइँफुट्टा शब्दहरू' –सम्मका कविताहरूमा प्रकृतिको चिन्तन पाइन्छ। यीमध्ये 'ऋतु क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहलाई परिवेश कविताहरूको सङ्ग्रहका रूपमा अध्ययन गर्न सकिन्छ। उनको 'आदिम बस्ती' कविता सङ्ग्रहभित्रको 'उभिएर रुख यात्रा गएको' कवितामा चेतनको गतिशीलता र जड चेतनको गतिशीलताको इतिवृत्ति प्रस्तुत गरिएको छ। कविताको 'म' पात्र चेतन हो भने रुख जड चेतन हो। दुवैको गतिको समानुपातिक स्थिति यहाँ छ। यसले प्रकृति र जीवन एका-अर्काका

परिपूरक हुन् भन्ने देखाएको छ। दुवैको गति यदि सन्तुलित छ भने प्रकृति सन्तुलित रहने छ भन्ने कविताको अभिप्राय देखिन्छ। कवि लेख्छन्-

सहरभित्र – गाउँभित्र
कुनै पनि बाटो छेउ
चुपचाप उभिरहेँरै कतै गइरहेको
कुनै पनि रुखलाई हेर्नू
म त्यहीँ र त्यै हुन्छु।
रुख सधैँ म यस्तरी
उघ्रिएर उभिएको छु
उभिएरै यात्रा हिँडिरहेको छु
कसैले रुखको यो खुल्ला स्थितिलाई
गुलुपको आँखाले हेरेर
बन्द देखे तापनि के भो र !
म जो छु त्यही नदेखिन सक्छु।

मनप्रसाद सुब्बाका प्रायः कविताहरू नै प्रकृतिपरक छन्। उनी 'आदिम बस्ती'-को भूमिकामा लेख्छन् - 'सभ्यताको स्निग्ध काँचघरभित्र बन्द राखेको छ मान्छेले आफ्नो मूल-प्रकृतिलाई। मान्छेले आफ्नो यो प्रकृतिलाई बिर्सन सक्छ तर यसले मान्छेलाई कहिले बिर्सिदैन।'[30] उनका अन्य कविताहरू पनि प्रकृति चिन्तनका छन्। 'ऋतु क्यान्भसमा रेखाहरू'- कविता सङ्ग्रह यसको राम्रो उदाहरण हो।

प्रकृतिलाई केन्द्र गरेर कविता लेख्ने कविहरूमा मोहन ठकुरी र राजेन्द्र भण्डारी पनि हुन् यद्यपि उनीहरूले ऋतु र प्रकृतिलाई विषय बनाएर सिङ्गो कविता सङ्ग्रह प्रकाशित गरेका छैनन् तर उनीहरूका कवितामा प्रकृति चिन्तन अभिव्यक्त भएको पाइन्छ। राजेन्द्र भण्डारीको 'यी शब्द : यी हरफहरू' कविता सङ्ग्रहभित्रको कविता 'हावामा एकतमासको गन्ध आएको छ'-मा पर्यावरण प्रदूषणको सङ्केत छ। कविताको विषय र अभिप्राय दुवैले प्रदूषणबारे अभिव्यक्ति दिएका छन्। कवि लेख्छन्-

आकाश बौलाएको छ

[30] मनप्रसाद सुब्बा, सन् १९९५, आदिम बस्ती (भूमिका), साहित्य प्रकाशन, दार्जिलिङ, पृ ख

धरती लोलाएको छ

झ्याल ढोका बन्द गर साथी

हावामा एकतमासको गन्ध आएको छ

हावामा गर्मी बढेर आएको छ

हावामा आगो चढेर आएको छ

खिड्की खुल्ला नराख्नू जैले-तैले

सुस्तरी सुस्तरी हावाले चाल नपाई

सास फेर्ने बेला आएको छ।

उनको अर्को कविता सङ्ग्रह 'प्वाँखहरू र आकाश' भित्रको 'दिनको पाइला' कविता परिवेश कविता हो। यस कवितामा कविले प्रकृतिले भोगिरहेको वास्तविकता देखाएका छन्। प्रदूषणको यस युगमा दिन कसरी सुरु हुन्छ भन्ने कुरो कविले कलात्मक ढङ्गमा प्रस्तुत गरेका छन्। कवि लेख्छन्-

वर पिपलका पातहरू पन्साउँदै

आयो एकाबिहानै

रूप्पीको अन्डाजस्तो सूर्य

र

छिराइदियो मलाई

टाइम्स अव् इन्डिया

टाइम्स अव् इन्डियाले

मलाई दियो

देश हुने चाहनामा छट्पटाइरहेको

एउटा देश

अनि आमा बन्ने चाहनामा

रोइरहेकी एउटी

रगतपच्छे धरती।

.....

फेरि एकैछिनमा

दन्किँदो आगो भयो सूर्य

आकाश भयो तावा

पृथ्वी रोटी

रोटी

जसलाई चुँड्दै खाए टेबलवरिपरि बसेर

एकमुठी टाउकाहरूले

यस कवितामा कविले प्रकृतिको अवस्था र प्रकृतिलाई त्यस अवस्थामा पुऱ्याउने कारणबारे चिन्तन गरेका छन्। त्यसका साथै उनले प्रकृतिको उपभोग गर्ने उपभोक्तावादी मानसिकताबारे वर्णन गरेका छन्। परिवेश काव्यले प्रकृतिको वास्तविक समस्या र सङ्कटहरूको वर्णन गर्दछ। त्यसका साथै समाजलाई प्रकृतिको सङ्कटबारे सचेत हुने आग्रह गर्दछ। यस किसिमको कवितालाई परिवेश कविता मान्न सकिन्छ। नेपाली साहित्यमा यस्ता कविताहरू सिर्जना भइरहेका छन्। उपर्युक्त कवितामा पनि प्रकृतिको आन्तरिक समस्याबारे वर्णन गरिएको हुनाले यसलाई परिवेश कविताको उदाहरण मान्न सकिन्छ।

मोहन ठकुरी स्वच्छन्दतावादी कवि हुन्। उनले आफ्ना कविताहरूमा प्रकृतिको सङ्कटलाई परिवेश कविहरूले झैँ सोझो ढङ्गमा प्रस्तुत गरेका छैनन्। उनी आफ्ना कवितामा स्वच्छन्दतामूलक शैलीमा प्रकृति सङ्कटको कुरा राख्छन्। उनको 'सहर' कविता यसको उदाहरण हो। उनी लेख्छन्-

आधुनिक परिधान पहिरिएर निरन्तर

'हिज'-लाई धेरै पुरानो मानेर

बाँच्ने बाध्यता छ मेरो

फेसनको 'लेटेस्ट'-हरू

आत्मीयताहरू गाउँमा नै छोडेर

आएको/ धेरै भइसक्यो

युग बितिसक्यो

मेरा ओठका मुस्कानहरूमा पनि

हिजआज कृत्रिमताको

लिपिस्टिक लागिसक्यो

आधुनिकीकरणले गाउँ समाज परिवर्तन गरिसकेको छ। आफ्नो निजस्विता अथवा मूल्य बिर्सेर मानिसहरू सहरमा थुप्रो लागेका छन् जसको परिणाम स्वरूप गाउँ रित्तो र सहर भिडभाड बनेको छ। यस कवितामा 'सहर' शब्दले परिवर्तनको सङ्केत गरेको छ। गाउँभन्दा धेर प्रदूषण सहरबाट हुन्छ। मानिसहरू गाउँ छोडेर सहरतिर आकर्षित छन् जसको कारणले गाउँ घरमा खेत बारी बाँझो बन्दै गइरहेका छन्। कवि यसैकारण लेख्छन्, 'आत्मीयताहरू गाउँमा नै छाडेर आएको धेरै भइसक्यो'। तात्पर्य के भने गाउँदेखि सहरतिर पलायन गर्नु अहिलेको संस्कृति बनेको छ। गाँउ बस्तीमा बसेर खेती गर्ने किसानहरू सहर पस्नाले खाद्यान्नमा कमी आएको देखिन्छ। यसको आपूर्ति गर्न सरकारले छिटो र धेरै फलाउनका लागि रासायनिक मलहरूको प्रयोग गरेपछि खेतीका जमिनहरू एकपल्ट राम्रो फसल भएपछि अनुर्वर बन्दै गइरहेका छन्। फलस्वरूप धरती दुर्बल भएको छ।

कालूसिंह रनपहेलीको लघुकाव्य 'फेरि अर्को मेघदूत'-मा मेघ र कविबिचको संवाद देखाइएको छ। यस काव्यका बिचबिचमा धरतीमाताको संवाद पनि छ। यस काव्यले प्रकृतिको सङ्कटबारे चर्चा गरेको छ। धरतीमाता आफ्नो दुख यसरी व्यक्त गर्छिन्-

हे मानव ! तिम्रै विकृत कर्मले अपमानित छु,

हे मानव ! म यहाँ तिम्रै अविवेकीपनले चिन्तित छु।

तिमीले रोप्यौ सभ्यता नामको असभ्यता

तिमीले ठोक्यौ सुरक्षा नामको असुरक्षा

मेरो शरीरका शृङ्गार गहना खोस्यौ

मेरो लाज ढाक्ने वस्त्रलाई च्यात्यौ।

यस कवितांशमा प्रकृतिको वेदना व्यक्त भएको छ। कविले यस काव्यमा प्रकृतिमा भइरहेको प्रदूषण, पारिस्थितिक विध्वंस र मानिसको प्रकृतिप्रतिको संवेदनाहीन कृत्यको चर्चा गरेका छन्।

नरेशचन्द्र खाती आयामिक शैलीमा कविता लेख्ने कवि हुन्। उनका कविताहरूमा आयामिक शैली पाइन्छ यद्यपि उनको 'लीला रेखाहरूका'- कविता सङ्ग्रहको 'रुख साँझमा' कवितामा कविको प्रकृति चिन्तन देखिन्छ। उनी लेख्छन्-

अतः

त्यो रुख

निर्लिप्त, शून्य र एकान्त बनेको छ

अँधेरो-उज्यालो दुवै छेपेको छ

तेसले पानी-माटो दुवै सिँचेको छ

तर पनि त्यो नाङ्गो छ।

त्यो रुख

प्रकृति प्रदत्त समाधि तेसको

समातेर हाँगाहरू

निरीह उभेको छ-प्रतीक्षाजस्तो

लाग्छ, पर्खिबस्छ चराहरू साँझ-पख

लाग्छ, पर्खिबस्छ यात्रीहरू साँझ-पख।

कवितामा 'रुख' विभिन्न थरीका प्रतीक हुन सक्छन् तर कविताको आन्तरिक अभिप्राय भने प्रकृतिको स्थिति देखाउनु भन्ने बुझिन्छ। रुखले पानी र माटो दुवै सिँचेको भए तापनि त्यो सधैँ नाङ्गो हुनाको तात्पर्य प्रकृतिप्रति मानिस जिम्मेवार नहुनु हो। प्रकृतिले रुखलाई समाधि दिएको छ तर त्यसका हाँगाहरूमा बसेर पक्षीले नयाँ संसारको निर्माण गर्दछ र पारिस्थितिकी सन्तुलन बनाउँदछ।

सन् २००२-मा सिक्किमबाट केदार गुरुङ र उपमान बस्नेतको सम्पादनमा प्रकाशित 'स्रष्टा'-को पचासौँ अङ्कमा देश-विदेशमा छरिएर बसेका नेपालीहरूद्वारा रचित कविताहरू सङ्कलन गरिएका छन्। यसमा प्रकाशित कतिपय कविताहरू परिवेशपरक छन्।

समकालीन कविहरू आफ्ना युगका विचारधाराका विरोधी छन्। आजका कविताले बोकेका वैचारिकता नै ती कविताहरूको सौन्दर्य बनेको देखिन्छ। भारतीय नेपाली कविहरू माटोको माया, परिचयको सङ्कट, हिंसा, राजनीति, बलात्कार, नारी उन्मुक्ति आदि विषयका कविताहरू लेखिरहेका छन् तर यसबिच प्रकृति चिन्तनका कविताहरू पनि सिर्जना गरिहेका छन्। भवजीत तामाङको सन् २०१३ मा प्रकाशित 'वृक्ष संवाद' खण्डकाव्यमा म पात्र र वृक्षबिचको संवाद रहेको छ। यस कविता

सङ्ग्रहमा मानिसद्वारा प्रकृतिको शोषण गरिएको गुनासो वृक्षको माध्यमद्वारा राखिएको छ। यस कविता सङ्ग्रहमा कला पक्ष कमजोर रहे तापनि यसले प्रकृतिको सङ्कटबारे ध्यान आकर्षित गरेको छ। कवि लेख्छन्-

मलाई किन त्यसरी हेरेको, रिस पो उठ्छ।
मालिक भई निःसन्तान पारेको सम्झिँदा मन पो दुख्छ।।

बिचबिचमा 'म' पात्रले वृक्षलाई सम्झाउने प्रयास गरेको छ। उनी प्रकृतिको पक्षमा पनि बोलेका छन्। 'म' पात्र भन्छ-

सकिँदैन सकिँदैन वन्य प्राणी जङ्गल संसारमा
भरिभराउ छन् वृक्षहरू पारी जङ्गलमा।
मानिसहरू हैरान भई घर फर्किन्छन्-वृक्ष रोपी
चिलाउने, उत्तिस, पानीसास छन्-भिरैभरि।।

यस काव्यमा 'वृक्ष' भन्छ-

हरियो घाँस साग पात क्षण क्षणमा खाद्य सञ्चय गर्छन्
परपोषी समस्त प्राणी संसारको पोष गर्छन्।
तिमी, हामी वनस्पतिसँग भिन्न साह्रै कहाँ छौँ
एउटै महासागरका साना साना तरङ्गहरू मात्र हौँ।

काव्यकार प्रकृति सङ्कटप्रति सचेत छन्। पर्यावरणमा भइरहेको प्रदूषण र वन-जङ्गलको विनाश देखेर उनी चिन्तित छन्।

सन् २००७ मा प्रकाशित अबीर खालिङको 'अक्षर उत्सव' कविता सङ्ग्रहभित्र 'रुखहरू' शीर्षकको कवितामा कवि प्रकृतिको अवस्था देखेर चिन्तित छन्-

उडेर आए एक हुल चराहरू
खोई कहाँ अल्पिए
धरतीका प्यारा रुखहरू
आत्मीयताको ह्याङ्गरमा गुँड बनाउन नपाई
कुन्नि कति भोल्ट करेन्ट कुद्दो तारमा

जिन्दगी बिसाउन पुगे।

सहरीकरणले गर्दा भएको वन-जङ्गल नाश र सहरमा हजारौँ भोल्टको करेन्ट बोकेर कुदिरहेका तारहरूमा दिनहुँ मर्ने चराहरूको वेदना पोखेका छन्। सहर बजारमा बिजुली, मोबाइल, टिभी र अन्य संसाधनका लागि कुदेका तारहरूमा परेर कति चराहरू मर्छन् जसको हिसाब कहीँ कतै पाइँदैन। तर यसले पारिस्थितिकीमा कस्तो प्रभाव परिहेको हुन्छ त्यसबारे कवि चिन्तित छन्। कवि लेख्छन्-

धरतीका रुदनमय याचनाहरू हुन् रुखहरू
आगोका होली खेलिरहेका मान्छेहरू
भनौँ
छेड परेको परावैजनी किरणसित मौज गरिरहेका मान्छेहरूलाई
धरतीका शुभ कामना कार्डहरू हुन् रुखहरू

कविले रुखलाई प्रकृतिको उपहार मानेका छन्। वास्तवमा मानिसको जीवनका लागि प्रकृतिमा भएका सम्पूर्ण वस्तु अनि विषय मूल्यवान् छन्। त्यसैले कवि रुखलाई मानिसको जीवनका लागि प्रकृतिले दिएको शुभ कामना मान्छन् जसको माध्यमद्वारा मानिसले प्राण वायु प्राप्त गर्दछ।

सन् १९९० मा प्रकाशित अविनाश श्रेष्ठको 'अनुभूति यात्रामा' कविता सङ्ग्रहभित्र प्रकृति चिन्तनका कविताहरू पाइन्छन्। अविनाश श्रेष्ठले यी कविताहरूमा प्रकृति चिन्तनका साथै ऋतुका कविता पनि लेखेका छन्। उनका 'पुतली', 'विच्छेद', 'अक्टुबरको गीत', 'शरद्', 'नयाँ वर्ष' आदि कविताहरू प्रकृति चिन्तनका छन्। अविनाश श्रेष्ठ आफ्नो 'पुतली' कवितामा लेख्छन्-

फूलमा पनि हुन्डरी लुकेको छ
हुन्डरीमा पृथिवीको वेदना।
पृथिवीको त्यस वेदनामा आलोडित हुने गर्छ सृष्टि।
सृष्टिको सक्रियता झिल्मिलाउँछ तिम्रो त्यो जीवन्त हाँसोमा।
र तिम्रो हाँसोमा फक्रन्छ एउटा फूल
सारा सृष्टिलाई छातीमा समेटेर।

यस कवितांशमा कविले मानिसलाई पारिस्थितिकीको एउटा उपकरण मानेका छन्। फुलमा हुन्डरी लुक्नु र त्यस हुन्डरीमा पृथिवीको वेदना लुक्नुको प्रतीक मानिसले पारिस्थितिकीमा ल्याएको असन्तुलन हो। त्यही

वेदनाले वा असन्तुलनले सृष्टिमा नकारात्मक प्रभाव पार्दछ। तर सृष्टि सन्तुलित छ भने मानिसको जीवन सुखमय र आनन्दपूर्ण हुँदछ र मानिसले प्रकृतिको उपकार बुझे मानिसले प्रकृतिलाई प्रेम गर्ने छन् अनि पुनः सृष्टि सन्तुलित हुनेछ।

सन् १९६३ मा प्रकाशित बुद्धकुमार मोक्तानको 'यौवन सपना' कविता सङ्ग्रहभित्र पनि ऋतु विषयका कविताहरू छन् जसमा 'वसन्त औ आँसु', 'वसन्तको एक बिहान', 'वन फुल' आदि पर्छन्। यी कविताहरू स्वच्छन्दतावादी प्रवृत्तिमा लेखिएका छन्।

सन् २००६ मा प्रकाशित शिशुपाल शर्माको 'फक्रिदैछन् कोपिलाहरू' कविता सङ्ग्रहमा पनि प्रकृति विषयका कविताहरू परेका छन् जसमा 'स्वागत् ऋतुराज', 'बसन्तको आगमन', 'प्रकृति कति महान्', 'प्रकृतिको लीला' आदि प्रमुख छन्।

सञ्जय वान्तवाले आफ्नो कविता सङ्ग्रह 'आवर्त काल' (२०१५) – मा ऋतु र प्रकृतिका कुनै विषयको शीर्षक नराखी प्रकृतिको कविता लेखेका छन्। उनको 'खुसी' कविता यसको उदाहरण हो। कवि लेख्छन्-

हरिया खेतहरू
मानिसका सुख हुन् जस्तो लाग्छ
यी नदी-नालाहरू
सुखी मानिस
का हृदय हुन् जस्तो लाग्छ।
सेता चराहरू उड्छन् र म खुसी हुन्छु

कवि यस कवितामा नितान्त प्रकृति प्रेमी बनेका छन् तर यो प्रेम स्वच्छन्दतावादी, रुमानी नभएर प्रकृति सुरक्षा र सद्भावको रूपमा व्यक्त छ। सन्तुलित र हरियो प्रकृति, नदी-नालाहरू मानिसका सुख हुन्। समृद्ध खेतको हरियो भव्यता मानिसको अनुभूति हो भन्ने भावनाले निश्चय नै कविमा प्रकृति प्रेम र उसको सुरक्षाको भाव रहेको बोध हुन्छ।

प्रदूषण र पर्यावरण सङ्कटबारे सुधीर छेत्री आफ्नो शैलीमा अभिव्यक्ति दिन्छन्। सन् २००८ मा प्रकाशित उनको 'शिल्पका पखेटाहरू' कविता सङ्ग्रहभित्रको 'मध्यरात मेलोडी र पर्यावरण गीत' कविता पर्यावरण सङ्कटबारे लेखिएको राम्रो कविता हो। कवि लेख्छन्-

ओजोनको हजार आँख्ले डोको बोकेर

मेरी धरा-रानी

कसिङ्गरबाट

मिथेनको धुवाँ फ्याँक्छ।

चोली च्यातिएको जवान त्यसको उरोजलाई

गिजोलिबस्छ

हजार अदृश्य हातहरू।

पर्यावरणको रोगी अन्त्यानुप्रास

एकलयमा खोकिबस्छ अनि

स्लोगनहरूको अधिकतम सङ्ग्रहले

मोटाएको छ

म्युचल फन्ड।

उत्तरआधुनिकतावादको परिप्रेक्ष्यबाट कविता लेख्ने कविहरूले उत्तरआधुनिकतावादकै विरोधमा धेर लेखेका छन्। उत्तरआधुनिकतावादी कविहरू नवउपनिवेश, आन्तरिक उपनिवेश, युद्ध, कुटनीति, किनारीकरण, उत्तरमिडिया, उत्तरअर्थनीति, जलवायु परिवर्तन, प्रदूषण, ई-व्यापार, साइबर संस्कृति आदि विषयहरूलाई केन्द्र गरेर कविता सिर्जना गरिरहेका छन्। यी विषयहरूले समाजमा ल्याएका विशृङ्खलता र नकारात्मक प्रभावको विरोधमा उत्तरआधुनिक कविता प्रस्तुत भएको देखिन्छ। परिवेश काव्य पनि विश्वमा भइरहेको प्रदूषण, जलवायु परिवर्तनका विरोधमा उठेको साहित्यिक विद्रोह हो। नेपाली कविहरू पनि प्रकृति सङ्कट अथवा जलवायु परिवर्तनलाई लिएर चिन्तित छन्। त्यसैले नेपाली कवितामा प्रकृति चिन्तनका स्वर पाइन्छन्। नेपाली साहित्यमा विविध विषयका कविताहरू सिर्जना भइरहेका छन् जसमध्ये प्रकृति चिन्तन एउटा प्रमुख विषय रहेको देखिन्छ।

३. निष्कर्ष

नेपाली कविताको आरम्भ सुवानन्ददासको 'पृथ्वीनारायण'- कविताबाट भएको मानिन्छ। यस कवितालाई कतिपय अध्येताहरूले वीरधारा त कतिले स्तुति कविता भनेर आलोचना गरेको पाइन्छ।

भारतीय नेपाली कविता भने सवाई र लहरीबाट सुरु भएको पाइन्छ। नेपाली साहित्यको माध्यमिक कालबाट ऋतु कविताहरू लेखिन सुरु भए तापनि लोकमा मौखिक रूपमा ऋतु कविताहरू बाह्रमासाका रूपमा रहेका पाइन्छन्। नेपाली साहित्यमा लेखनाथ पौड्यालको आगमन भएपछि र उनले 'ऋतुविचार' लेखेपछि नेपाली साहित्यमा परिवेशपरक कविताहरू लेखिन थालेको देखिन्छ। प्रकृति र पर्यवारणप्रति सम्पूर्ण विश्व नै चिन्तित रहेको समयमा नेपाली कविहरू पनि यसप्रति गम्भीर भएर परिवेश काव्यको सिर्जनामा लागि परेका देखिन्छन्। नेपाली कविहरूले पनि पर्यावरणमा स्वच्छता कसरी ल्याउन सकिन्छ साथै पारिस्थितिकीमा सन्तुलन कसरी ल्याउन सकिन्छ भन्ने विषयमा गम्भीर भएर काव्य सिर्जनामा लागेका छन्। नेपाली कविता परिवेश काव्यप्रति सचेत छ र प्रकृति सङ्कटलाई नेपाली कविहरूले गम्भीर समस्याका रूपमा लिएको देखिन्छ।